# दार्चुला : जिल्ला पार्श्वचित्र
# Darchula :District Profile




**सल्लाहकार**

श्री महादेव बडू कश्यप

प्रमुख

श्री अमर सिंह ठगुन्ना

उप-प्रमुख

**सम्पादक मण्डल**

गणेश बहादुर पाल

नि.जि.स.अ.

खडक सिह धामी

जि.स.स सदस्य

विनोद प्रसाद भट्ट

निजी सचिव

**प्रकाशक**

जिल्ला समन्वय समितिको कार्यालय, दार्चुला

सल्लाहकारः-   महादेव बडू कश्यप - प्रमुख
अमर सिंह ठगुन्ना - उप-प्रमुख

आर्थिक वर्ष :-   २०७९/०८०

सम्पादक मण्डलः   गणेश बहादुर पाल
खडक सिंह धामी
विनोद प्रसाद भट्ट

तयार गर्ने सहयोगी :-   जिल्ला समन्वय समिति, दार्चुला स-परिवार

सर्वाधिकार © :-   जिल्ला समन्वय समिति, दार्चुला

मुद्रण :- लटिनाथ स्टेसनरी एंड अर्डर सप्लायर्स, म.न.पा.-४, दार्चुला

प्रकाशक :- जिल्ला समन्वय समिति, दार्चुला

प्रकाशन मिती :- २०८० अषाढ

सम्पर्क ठेगाना :- जिल्ला समन्वय समिति, दार्चुला

फोन न :- ०९३-४१००४४

ईमेल :- ddc.darchula@gmail.com

वेब साईट :- www.dccdarchula.gov.np

दिलेन्द्र प्रसाद बडू
सांसद
प्रतिनिधि सभा
संघीय संसद, नेपाल

Dilendra Prasad Badu
Member of Parliament
House of Representatives
Federal Parliament, Nepal

०८ श्रावण २०८०



जिल्ला समन्वय समिति दार्चुलाले **"दार्चुला जिल्लाको पार्श्वचित्र"** (District – Profile) प्रकाशन गरेर अत्यन्तै सकारात्मक र प्रशंसनिय कार्य गरेको छ । पार्श्वचित्र प्रकाशन बाट जिल्ला र स्थानिय तहको विकास निर्माणको विद्यमान अवस्थाको यथार्थ चित्रण मात्र नभई जिल्लाको भावि विकास निर्माणका सन्दर्भमा स्थानिय, प्रदेश र संघीय सरकारहरु तथा योजनाविदहरुले अपनाउनु पर्ने प्राथमिकता एवं आधार का रुपमा प्रर्याप्त तथ्याङ्कगत सूचना र सन्दर्भ समग्री उपलब्ध भएको छ ।

पार्श्वचित्र प्रकाशन गरेर जिल्ला समन्वय समितिले एकातर्फ लोकतान्त्रिक मान्यता अनुरुप यथार्थ सूचना प्रवाहित गरेर जनताको सूचनाको हक, पारदर्शिता र जनताप्रतिको जवाफदेहिता लाई सुनिश्चित गरेको छ भने अर्को तर्फ प्रकाशित पुस्तिका; विकास निर्माण संस्था एवं अध्ययन अनुसन्धानकर्ता हरु समेतका लागि उपयोगी हुन सक्नेछ भन्ने विश्वास लिएको छु । सद्कार्यका लागि जिल्ला समन्वय समितिलाई हार्दिक धन्यवाद ।

(दिलेन्द्र प्रसाद बडू)
सांसद
प्रतिनिधि सभा
संघीय संसद, नेपाल

Mobile : 977-9851011666, Tel/Fax : 977-1-4389348, Office Tel : 4200078, Fax : 4200136, Email : dp_badu@hotmail.com



## शुभकामना

दार्चुला जिल्ला समन्वय समितीले जिल्लाको पाश्च्वर्य चित्र प्रकाशित गर्न लागेकोमा हर्ष महशुस गरेको छु । एशियाका दुई शक्तिशाली राष्ट्र भारत र चीनको सिमानासंग जोडिएको यस जिल्लाको थुप्रै ईतिहासहरु रहेका छन्। दार्चुला जिल्लाको सिमाना चीनको तिव्वत क्षेत्र सित जोडिएको छ । तिव्वत संग व्यापार गर्ने यहाँको प्रमुख नाकाको रुपमा व्याँस क्षेत्र हिन्दूहरुको महत्वपूर्ण तीर्थ स्थल तथा पर्यटकीय महत्व समेत बोकेको मानसरोवर जाने प्रमुख मार्ग सदरमुकाम खलंगा महाकाली नदीको किनारमा भारतको धारचुला सित जोडीएर रहेको छ।यस जिल्लाको भौगोलिक बनोटमा देखिएको बिबिधता झैं हावापानी तथा वातावरणमा पनिबिबिधता रहेको छ ।

संघिय संरचना पछी नौ वटा स्थानिय तहमा बाडीएको यस जिल्ला प्राकृतिक,सांस्कृतिक तथा प्रर्यटकीय दृष्टिकोणले प्रचुर सम्भावना भएकोरहेको छ, यस जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा अपी हिमाल व्यास हिमाल, नाम्पा, महलको भग्नावशेष (उकु), सुरमासरोवर ताल (खण्डेश्वरी), लिपु लेक धर्मी गुफा (खण्डेश्वरी), शिखर डाडा, मालीकार्जुन, मालीकार्जुन मन्दिर मालीकार्जुन, हुनैनाथ मन्दिर हुनैनाथ, जयपुर मन्दिर रिठाचौपाता, बन्तोली मन्दिर बोहरीगाँउ, महलको भग्नावशेष देवल, गोकुलेश्वर शिव मन्दिर गोकुलेश्वर लटीनाथ मन्दिर लटीनाथ आदि रहेकाछन् ।

अतः जिल्ला समन्वय समितीले तयार गर्न लागेको पाश्च्वर्य चित्रले यहाँको सम्भावनालाई अझ प्रगाढ रुपमा अगाडी ल्याउनेछ र विकासमा कोषेढुगां सावित हुने छ भन्ने विश्वास लिएको छु । पाश्चवर्य चित्र आगामी पुस्तालाई गहनाको रुपमा रहोस भन्ने शुभकामना ब्यक्त गर्न चाहन्छु ।

अन्तमा यो पाश्चवर्य चित्र प्रकाशनमा खटिने जि स स प्रमुख लगायत अन्य कर्मचारी र संलग्न सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु । यो पाश्चवर्य चित्रले समग्र जिल्लाको पर्यटन विकासकालागि मार्ग चित्र हुने समेत विश्वास लिएको छु ।

मा.मान वहादुर धामी

प्रदेश सभा सदश्य

पुर्व मन्त्रि

उधोग पर्यटन वन तथा वातावरण मन्त्रालय

सुदुरपश्चिम प्रदेश

# प्रदेश सभा
# सुदूरपश्चिम प्रदेश
## धनगढी, कैलाली

प.सं.:-२०७९/०८०
च.नं.-

मा. विक्रम सिंह धामी
प्रदेश सभा सदस्य
दार्चुला-१

मिति:-२०७९/१२/०४



## शुभकामना

जिल्ला समन्वय समिति दार्चुलाले वस्तुगत विवरण सहितको जिल्लाको पाश्वचित्र तयार गर्न लागेको कुरा जानकारी पाउदा हर्षित भएको छु । सुन्दर सुदूरपश्चिमको उत्तरमा पवित्र गङ्गा महाकाली र चौलानीको तटमा, अपिनाम्पा हिमालको काखमा त्रीदेशिय सीमानाकामा अवस्थित प्राकृतिक, सांस्कृतिक दृष्टिकोणले भरिपूर्ण प्रकृतिको खुल्ला संग्राहालय हो दार्चुला जिल्ला ।जिल्लाको वस्तुगत चिनारी, जनसांखिकिय विवरण, भू-उपयोग आर्थिक-सामाजिक तथा भौतिक पक्ष समेटेर तयार पारिने पाश्वर्वचित्रले जिल्लाको समग्र क्षेत्रको विकासको मार्ग चित्रको रेखा कोर्छ र यहीं पाश्वर्वचित्रलाई विकासको दस्तावेज मानेर जिल्लाको समग्र विकासको खाका कोर्न, योजना, कार्यक्रम तथा नीति निर्माण गर्न महत्त्वपूर्ण सहयोग हुन्छ भन्ने मैले विश्वास लिएको छु ।

तत्कालीन गठबन्धनलाई आफ्नो अमूल्य मतदान गरि मलाई प्रदेश सभामा पठाउनुहुने दार्चुलाका जनताप्रति उत्तरदायी भएर दार्चुलाको आर्थिक, भौतिक, सांस्कृतिक, पर्यटकीय एवं चौतर्फी विकासको लागि आफू सधैं अनवरत रूपमा लागिरहेको र लागिरहने प्रतिबद्धतासमेत व्यक्त गर्दछु । जिल्लाको पाश्वर्व चित्र तयार पार्न खटिएका सम्पूर्ण कर्मचारी, जनप्रतिनिधि तथा समग्र जिल्ला समन्वय समितिलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु साथै नव वर्ष २०८० सालको सम्पूर्ण दार्चुलावासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुमा उत्तरोत्तर प्रगति, सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद ! जय नेपाल !**

मा. विक्रम सिंह धामी
प्रदेश सभा सदस्य
दार्चुला-१

**मा. लक्ष्मी वि.क.**

सदस्य, सुदूरपश्चिम प्रदेश सभा

दार्चुला

केन्द्रिय सदस्य

नेकपा (माओवादी केन्द्र)

**Hon. Laxmi BK**

**Member, Sudurpaschim Province Assembly**

**Darchula**

**Central Committee Member**

CPN (Maoist Centre)



शुभकामना

जिल्ला समन्वय समिति दार्चुलाले दार्चुला जिल्लाको समग्र वस्तुस्थिति सहितको पाश्वचित्र प्रकाशन गर्न लागेको जानकारी पाउदा खुसी लागेको छ ।

हामी अहिले सघीय प्रणाली अवलम्वन गरेका छौ ।यसलाई सफल वनाउन आम जनताले विकास सुशासन र समाजिक न्याय महसुस गर्न सक्नु पर्छ । दार्चुला जिल्लाको अवस्था हेर्दा हाम्रा छोराछोरी पढ्ने स्कुलमा पढाई राम्रो छैन, घरको छानो चुहिने छ, शौचालय राम्रो छैन, जाडोको वेला न्यानो लुगा छैन, खुट्टामा जुता चप्पल छैन । खाद्यान्न छैन, भोक लागेको वेला खाजा छैन, वाल वच्चाले खेल्ने खेलौना पाएको छैन, स्वास्थ्य चौकीमा औषधी कर्मचारी छैन, वृद्धवृद्धाले उपचार पाएका छैनन, विरामी भएको वेला एम्वुलेन्स छैन,हिड्ने बाटा र सडकहरुको अवस्था खराव छ। प्राकृतिक प्रकोप तथा विपतमा उद्धार र राहत छैन, हाम्रो खेतवारीमा सिचाई, विउ छैन, किसानले उत्पादन गरेको वस्तुको मुल्य छैन,वेच्ने वजार छैन, संचित गर्ने भण्डारण छैन, कृषिमा अरवौ लगानी छ तर जनता सम्म पुगेको छैन। ब्यास, दुहु गाउँपालिकामा हिड्ने वाटो समेत नहुदा अवैधानिक तुईन प्रयोग गरी जनता ज्यान गुमाउन वाध्य छन। महिला र पुरूष विच लैगिक विभेद कायम छ समाजको पिंधमा रहेका दलित,भुमिहीन,मुक्त हलियाको उचित ब्यवस्थापन हुन सकेको छैन, यो समुदाय जातिय विभेद र छुवाछुतको प्रत्यक्ष अप्रत्यक्ष ब्यवहारवाट अझै मुक्ति हुन सकेको छैन ।

यी र यस्तै परिवेशका वीच हामीले दार्चुला जिल्लाको समग्र विकासको खाका तर्जुमा गर्ने कार्यमा दार्चुला जिल्ला समन्वय समिति प्रकाशन गर्न लागेको जिल्लाको पाश्वचित्रले जिल्लाका समाजिक आर्थिक अवस्थासित सम्वन्धित तथ्याकले हामीलाई योजना तर्जुमा प्रकियामा सहयोग पुग्ने अपेक्षा लिएकी छु ।

विकासका नाममा यो गरे त्यो गरे भनि जस लिने काम होईन, सहकार्य समन्वय मार्फत विकास सुशासन र सामाजिक न्यायका लागि ब्यक्तिगत समुहगत दलगत स्वार्थवाट हामी सवैले माथि उठी विकास नेताले दिने तथा जनताले लिने भन्दापनि जनताको आधारभुत अधिकारको रुपमा स्थापित गर्ने चुनौति आम दार्चुलावासीको रहेको शन्दर्भका यस पुस्तकले जनताको अवश्यकता र समास्या पहिचान गर्न सवै तह र तप्काका सरोकारवालाहरु आम जनसमुदायलाई सुसुचित गर्ने गरी प्रकाशन गर्न लागिएको जिल्लाको पाश्वचित्र ( District profile) प्रकाशकलाई धन्यवाद प्रदान गर्दै सफलताका लागि हार्दिक शुभकामना ब्यक्त गर्छु ।

..................

लक्ष्मी विक

प्रदेश सभा सदस्य

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
खलंगा, दार्चुला
☎०९३-४२०१३३ प्रजिअ
☎०९३-४२००१७ सप्रजिअ
☎०९३-४२००७८ DEOC
☎०९३-४२०२१४ Ext

प.सं. २०८०/०८१
च.नं.

मितिः- २०८०।०४।०२



## शुभकामना ।

जिल्ला समन्वय समितिको कार्यालय, दार्चुलाले आफ्नो अथक परिश्रमबाट यस दार्चुला जिल्लाको "जिल्ला पार्श्वचित्र" तयार गरेकोमा ज्यादै खुशी लाग्यो । दार्चुला जिल्लाभित्रका विविध तथ्य र जानकारीहरुलाई उजागर गरी सार्वजनिक गर्ने उद्देश्यबाट तयार भएको यस प्रोफाईलले जिल्लाको विकास निर्माणसँग सम्बन्धित निती निर्माण एवं यस जिल्लालाई नजीकबाट चिन्न चाहने जिज्ञासुहरुलाई अवश्य पनि सहयोग पुग्नेछ भन्ने आशा एवं विश्वास लिएको छु । यस जिल्लाको बारेमा शोधकार्य एवं जिल्ला पार्श्वचित्र तयार गर्न चाहने उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई त यो पार्श्वचित्र झनै उपयोगीसिद्ध हुनेछ भन्ने ठानेको छु ।

अन्तमा यो जिल्ला पार्श्वचित्र तयार गर्ने कार्यमा जुट्ने समस्त जिल्ला समन्वय समिति, दार्चुलाका पदाधिकारी एवं कर्मचारीहरु तथा सामाग्री उपलब्ध गराउने जिल्लास्थित सबै स्थानीय तहहरुलाई हार्दिक धन्यवाद दिदै यो पार्श्वचित्र परिमार्जन गर्दै बर्षेनी यसको प्रकाशनलाई जिल्ला समन्वय समिति, दार्चुलाले निरन्तरता दिन सकोस भन्ने शुभकामना गर्दछु ।

किरण जोशी
प्रमुख जिल्ला अधिकारी

## मन्तव्य:

अपि र नाम्पा हिमालको काखमा अवस्थित महाकाली र चौलानी नदी बाट परिवेष्ठित त्रिदेशीय सिमानामा रहेको दार्चुला जिल्ला प्राकृतिक सौन्दर्यले भरिपूर सुन्दर सुदूर पश्चिम प्रदेशको उत्तरमा अवस्थित रमणीय हिमाली जिल्ला हो । सबै क्षेत्रमा विकासका पर्याप्त सम्भावनाहरु रहदा रहदै पनि लगानीको अभावले जिल्लाका प्राकृतिक र मानवीय संशाधनहरुको समयानुकुल उपयोग हुन नसक्दा सिमावर्ती विशाल छिमेकी राष्ट्रहरुको तुलनामा निकै पछाडी रहनु परेको पीडा जिल्लावासीहरुले भोग्नु परेको छ । जिल्ला सदरमुकाम बाट आफ्नै जिल्लाको कुनै भू भागमा जान भारतीय अधिकारीहरुको अनुमती पत्र लिई भारतको भू भाग भएर जानु पर्ने बाध्यताको पीडा पनि जिल्लावासीले बर्षौ देखि भोगि रहेका छन । आवश्यक पूर्वाधारहरुको विकास हुन नसक्दा बर्षेनि बाढी पहिरोको प्रकोपको सामना गरि रहनु पर्ने , यथोचित राहत र पुनर्स्थापनाको व्यवस्था हुन नसकेको अवस्थामा पनि सीमित साधन श्रोत मै विकासका गतिविधिहरुमा सहभागि भै रहने जिल्लावासीको धैर्यता र साहस प्रसंशनिय रहेको छ । स्थानीय सरकारको रुपमा कार्यरत जिल्लाका २ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरु आफ्नै सीमित साधन श्रोतको सदुपयोग गर्दै जिल्लाको विकासमा प्रयासरत रहे पनि जिल्लाको विकासले समयानुकुल र अपेक्षित गति लिन सकेको छैन । त्रिदेशीय सीमाको अवस्थिति, भौगोलिक विकटता , सबै क्षेत्रको विकासमा पछ्यौटेपन आदि कारणले राज्यको प्रथमिकतामा पर्नु पर्ने जिल्ला भएता पनि सदैव राज्य द्धारा उपेक्षित रहनु जिल्लाको नियति हुन पुगेको छ । छिमेकी मुलुक द्धारा अतिक्रमित कालापानी , लिपुलेक र लिम्पियाधुरा यसै जिल्लाको भु भाग भएको कारणले पनि दार्चुला जिल्ला नेपालको भौगोलिक , राजनितिक र सामरिक दृष्टिले विशिष्ट महत्व राख्ने जिल्लाको रुपमा परिचित छ । अतःएव दार्चुला जिल्लावासीको स्वाभिमान मात्र नभई सम्पूर्ण नेपालीहरुको आत्म सम्मानलाई गौरवान्वित बनाउन दार्चूला जिल्लाको एकीकृत विकासको लागि अल्पकालीन र दीर्धकालिन योजना तर्जुमा गरि लागु गर्नु पर्ने आजको प्राथमिक आवश्यकता रहेको छ । यसको लागि कृषिको व्यवसायीकरण र आधुनिकीकरण ,जडिकुटिको उत्पादन , प्रशोधन तथा बजारीकरण , पर्यटन क्षेत्र को विकास, लधु जल विद्युत र सीचाई आयोजनाहरुको विकास, कृषिजन्य उद्योगहरुको स्थापना, सडक तथा अन्य पूर्वाधारहरुको निर्माण तथा आधारभूत सेवा क्षेत्रहरुमा लगानी वृद्धि आदि क्षेत्रमा केन्द्रित रहेर योजना बनाउन सकेमा जिल्लाको विकासले फडको मार्ने निश्चित छ ।

दार्चुला जिल्लाको विकासमा नै लक्षित रहेर जिल्लाका विभिन्न पक्ष र तथ्यहरु उजागर गरि सार्वजनिक गर्ने उद्देश्यले ढिलै भए पनि दार्चुला जिल्लाको पार्श्व चित्र (District Profile) प्रकाशित गर्ने जमर्को गरिएको छ । यो पार्श्वचित्र बाट जिल्लाको वस्तुस्थिती बारे जानकारी राख्न चाहने सबैलाई विकासका गतिविधि संचालन गर्न, अध्ययन , अनुसन्धान,योजना तर्जुमा , बजेट विनियोजन र कार्यान्वयन गर्न मद्दत पुग्ने छ भन्ने आशा लिएका छौ । पहिलो प्रयास भएको र श्रोत साधनको अभावको कारण यथेष्ठ तथ्यांक हरु उपलब्ध हुन नसक्दा केहि कमि कमजोरी रहेका हुन सक्छ । पाठकवृन्दले यी कमी कमजोरी र त्रुटि तर्फ औल्याई उपयुक्त सुझाव दिनु भएमा अर्को संस्करणमा सुधार गरी प्रकाशन गरिने छ ।

अन्तमा यो पाश्वचित्र तयार गर्नमा मेहनत गर्नु हुने सम्पुर्ण कर्मचारी ,जनप्रतिनिधि र अन्य व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

महादेव बडू कश्यप<br>
प्रमुख<br>
जिल्ला समन्वय समिति ,दार्चुला

# दुई शब्द

विगत १० वर्षको अवधीमा जिल्लाका विविध तथ्याङ्क एवं सूचनाहरुलाई एकत्रित गरी विस्तृत रुपमा प्रकाशन गर्ने कार्य हुन नसकेका कारण विभिन्न क्षेत्रगत तथ्यहरु एकत्रित रुपमा जिल्ला प्रोफाईल मार्फत प्रकाशन गर्ने प्रयास स्वरुप यो रुपमा तयार पारिएको छ । विवरण तयार पार्दा न्युन समय र न्युन बजेटका कारण प्राथमिक सूचानहरु संकलन गर्न नसकिएता पनि जिल्लाका पुर्व संकलित/पुर्व प्रकाशित सूचनाहरुलाई आधार मानी यो प्रोफाईल तयार पारिएको छ ।

यो प्रोफाईल ले दार्चुला जिल्लालाई संक्षिप्त रुपपमा चिनाउन धेरै हदसम्म सहयोग गर्नेछ । पाठकहरुलाई पढन झिझो नलागोस भनि नक्शा र चार्ट पनि प्रयोग गरिएको छ । यसबाट योजनाविद्, राजनीतिज्ञ, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरु तथा यस जिल्लाको विभिन्न विविध विषयमा सरोकार राख्न चाहाने व्यक्तिहरलाई लाभदायी हुने छ भन्ने आशा गरेको छु ।

लोकतन्त्रको स्थापना पश्चात र सो पुर्व पनि साविक जिल्ला विकास समितिको कार्यालयबाट यस्तो पुस्तिकाहरु प्रकाशन गरेको भएता पनि संघीय लोकतन्त्रको स्थापना र देश नयाँ संरचनामा प्रवेश पछिको पहिलो प्रकाशन गर्ने सुनौलो अवसरको प्राप्त गर्ने सौभाग्य ठानी अवसरको भरपुर सदुपयोग गर्ने प्रयास गरि प्रकाशन भएता पनि यसलाई परिमार्जन गर्न र थप सूचनाहरु समावेश गरी अझ व्यवस्थित रोचक पार्न पाठकहरुबाट प्राप्त हुने सुझाव र सल्लाहलाई खुला मनले स्वीकारी आगामी अंकमा समावेश गरिने छ ।

यो पुस्तिका तयार गर्न प्रोत्साहित गर्नुहुने जिल्ला समन्वय प्रमुख महादेव बडु कश्यप ज्यू, पुर्व जिल्ला समन्वय प्रमुख करबीर बहादुर कार्की ज्यु लगायत जिल्ला समन्वय समिति परिवार, पुर्व निमित्त जिल्ला समन्वय अधिकारी नरबहादुर ठगुन्ना ज्यू प्रति आभार व्यक्त गर्दै सूचना संकलन कार्यमा लाग्नु भएका सुचना संकलन कर्ता सहयोगि दार्चुला जिल्ला पत्रकार महासंघका अध्यक्ष कृष्ण सिह धामी तथा जिसस का निजी सचिव विनोद प्रसाद भट्ट ज्यू प्रति धन्यवाद ज्ञापन गर्दछु ।

गणेश बहादुर पाल
निमित्त जिल्ला समन्वय अधिकारी

# सम्पादकीय

स्थानीय तहहरुलाई सबल र सक्षम बनाउन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यास भै रहेको बेला समग्र जिल्लाको बहुआयिमक चित्रण हुने गरी पुस्तिका तयार गर्ने जमर्को गरेका छौ । जिल्लाको सबै स्थानीय तहहरुलाई समेटीने गरी शैक्षिक, राजनैतिक, सामाजिक, भौगोलिक एवं धार्मिक क्षेत्रसंग सम्बन्धित तथ्यहरुको बारेमा सम्बन्धित सबैमा जानकारी उपलब्ध गराउनु पुस्तिका प्रकाशनको मुख्य उद्देश्य हो ।

भू - सूचना लगायत विद्युतीय सूचनाको माध्यमबाट विश्वको कुनैपनि कुनाको घटना एवं तथ्याङ्क सहजै तत्काल प्राप्त गर्न सकिने अवस्था भएता पनि हाम्रो जस्तो विकासोन्मुख राष्ट्र र दार्चुला जस्तो जिल्लाको एक भाग बाट अर्को भागमा जान विदेशी मुलुकको बाटोको प्रयोग गरी जानु पर्ने अवस्थाका बासिन्दा र अन्य प्रविधीको पहुच नभएका , पुस्तक अध्ययन गर्न ईच्छुक सम्पूर्ण पाठक वर्ग र स्थानीय तहको माग र आवश्यकतालाई केहि हदसम्म भएपनि परिपूर्ति हुने गरी वस्तुपरक ढंगले योजना तर्जुमा गर्न यो पुस्तक कोशेढुंगा साबित हुनेछ भन्ने आशा गरेका छौ।

अन्तमा पुस्तिकामा रहेका कमि कमजोरीहरु औल्याई दिनु भै सहयोग गरिदिन हुन पाठकबृन्द एवं शुभचिन्तक सबैमा हार्दिक अनुरोध गर्दछौ ।

सम्पादक मण्डल



Darchula District, Farwestern province, Nepal
Tri-regional (country) point
Kali Glacier
N
Limpiya Dhura
Kali River
Byas Rural Muncipality
CHINA
Kuti
Kalapani
Lipu Lekh
Lipu Khola
Kali River
Nabi
Gunji
Tinkar Bhanjyang
Chhangru
INDIA
Byas
Bajhang
Kali River
Dunhu
Apihimal
Mahakali
Naugad
Malikaarjun
Marma
Shailyashikhar
Baitadi
Lekam

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १ | दार्चुला जिल्लाको परिचय | १-४ |
| २ | महाकाली नगरपालिका | ५-१५ |
| ३ | शैल्यशिखर नगरपालिका | १७-२३ |
| ४ | ब्याँस गाउँपालिका | २५-२९ |
| ५ | लेकम गाउँपालिका | ३१-३५ |
| ६ | अपिहिमाल गाउँपालिका | ३७-४३ |
| ७ | मार्मा गाउँपालिका | ४५-४९ |
| ८ | दुहुँ गाउँपालिका | ५१-५७ |
| ९ | मालिकार्जुन गाउँपालिका | ५९-६४ |
| १० | नौगाड गाउँपालिका | ६५-६८ |
| ११ | विकासका सम्भावनाहरु | ६९ |
| १२ | प्रतिवद्धता | ७०-७१ |
| १३ | सन्दर्भ सामाग्री | ७२ |

# खण्ड १ : परिचय

**१.१ दार्चुला जिल्लाको संक्षिप्त परिचय :**

नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अंचलमा पर्ने दार्चुला जिल्ला एक दुर्गम हिमाली जिल्ला हो । महाकाली अचंलका ४ जिल्लाहरु मध्ये यो सुदूर उत्तरमा पर्दछ । एशियाका दुई शक्तिशाली राष्ट्र भारत र चीनसंग यस जिल्लाको सिमाना जोडिएको छ । दार्चुला जिल्लाको नाम दार्चुला कसरी रहन गयो भन्ने सम्बन्धमा कुनै लिखित प्रमाण प्राप्त नभएतापनि विभिन्न किबंदन्तिहरु सुन्न पाईन्छन् । दार्चुला शव्द उच्चारण गर्दा दारचूला भए पनि स्थानिय भाषाको दुईवटा शव्द धार र चूला वाट विकसित भएको हो । स्थानिय भाषामा धारको अर्थ पहाडको अग्लो चुचुरो र चुलाको अर्थ चुल्हो हुन्छ । यस भेगमा खान पकाउन प्रयोग गरीने चुल्होहरु प्राय: एक समानका तिन ओटा ढुङ्गाहरुमाा माटो पोतेर चुचुरो को आकारमा वनेका हुन्छन् । यसरी तिनै तिर चुचुरो (धार) जस्तो चुल्हो वनाई खान पकाउने ठाउँ भएकोले धारचुला नाम रहेको र धारचुला पछि अपभ्रम्स भई दारचुला र त्यसपछि दार्चुला वन्न गएको हो भन्ने एक थरिको भनाई रहेको छ ।

अर्को किम्वदन्ति अनुसार यहाँ स्थित तिन वटा पहाडका चुचुराहरु वर्तमानमा एक पहाड भारत र दुई वटा पहाड नेपाल मै रहेका छन् । फेदी वाट हेर्दा धारपरेको जस्तो स्थानिय चुल्होको आकारमा चुचुरो देखिन्छ । प्राचिन कालमा व्याँस हिमालवाट व्याँस ऋषि तपस्या गरी फर्कदा यी तिन धारहरुको चुल्हो वनाई भात पकाई खाएको हूनाले यो ठाउको नाम धारचूला रहन गएको र धारचूला शव्द अपभ्रंस भई दार्चुला रहेको हो भन्ने आर्को भनाई रहेको छ । दार्चुला जिल्लाको सिमाना चिनको तिव्वत क्षेत्र सित जोडिएको छ । तिव्वत संग व्यापार गर्ने यहाँको प्रमुख नाकाको रुपमा व्याँस क्षेत्र रहेको छ । व्याँसवाट तिव्वत क्षेत्रमा आवत जावत गर्दा एउटा भन्ज्याङ्ग पार गरी जानुपर्ने हुन्छ । जसलाई तिव्वति भाषामा “ला” भनिन्छ । यो भन्ज्याङ्ग तिव्वत सिंत व्यापार गर्ने द्वार (बाटो) भएकोले द्वार र ला शब्दहरु मिलि दार्चुला नाम रहन गएको हो भन्ने पनि अर्को भनाई पाईन्छ ।

**१.१ क.भौगोलिक अवस्था :**

नेपाल अधिराज्यको सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अंचलका ४ जिल्लामध्ये दार्चुला पनि एक हो । यस जिल्लाको पूर्वमा बझाङ्ग जिल्ला, पश्चिमा भारतको उत्तरांचल प्रदेशको पिथैरागढ जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा बैतडी जिल्ला रहेको छ । विश्व मानचित्रमा २९° ३६' उतरी अक्षांस देखि ३०° १५' उतरी अक्षांस सम्म र ८०° २२' पूर्व देशान्तर देखि ८१° ०९' पूर्व देशान्तरसम्म फैलिएको यस जिल्लको जम्मा क्षेत्रफल २३२२ वर्ग कि.मी रहेको छ । यो जिल्लामा समुद्र सतहबाट ५१८ मीटरको उचाई देखि ७१३२ मिटर सम्मको उचाई भएको अपि हिमाल यस जिल्लाको प्रमुख आकर्षण हो । त्यस्तै चीनको तिब्बत क्षेत्रमा अवस्थित हिन्दुहरुको महत्वपूर्ण तीर्थस्थल तथा पर्यटकीय महत्वसमेत बोकेको मानसरोबर जाने नेपालको प्रमुख मार्गको रुपमा समेत दार्चुला जिल्लाको चर्चा पाएको छ ।

१. अक्षांस २९° ३६' देखि ३०° १५' उत्तर सम्म
   देशान्तर ८०° २२' देखी ८१° ०९' पूर्व
२. सिमाना :: पूर्व वझाङ्ग पश्चिम भारतको पिथौरागढ जिल्ला
   उत्तर तिव्वत (चीन) , दक्षिण बैतडी जिल्ला
३. क्षेत्रफल २३२२ वर्ग कि.मी.
४. औषत लम्वाई ९२.५ कि.मी
५. औषत चौडाई ४२.५ कि.मी

**१.१(ख) भौगालिक विभाजन :** भौगोलिक दृष्टिकोणले दाचुर्ला जिल्लालाई ४ भागमा वाड्न सकिन्छ

**अ ) नदीले बनाएको फाट तथा बेसीहरु (समथर प्रदेश ) :**

महाकाली, चौलानी र अन्य त्यस्तै ठूला खोला नालाहरुको किनारमा अवस्थित भित्रि मधेशसँग तुलना गर्न सकिने समथर उब्जाउ फाँटहरु समथर प्रदेश अर्न्तगत पर्दछन् । जिल्लाको प्रमुख अन्न भण्डारको रुपमा रहेको यो फाँट र बेसीहरुमा जनसंख्याको चाप पनि अत्याधिक रहेको छ , उकू, लाली, दत्तू , गोकुलेश्वर, शिखर, देथला, धाप, खलंगा आदि साविक गा.वि.स. हरु यस प्रदेशका उदाहरण हुन् ।

**आ) पहाडी भाग :-**

यस जिल्लाको मध्यभागमा रहेको उच्च समस्थली यस प्रदेशअर्न्तगत पर्दछन् । समथर भू भागको तुलनामा केही कम उत्पादन हुने भएतापनि अपेक्षाकृत उब्जाउ क्षेत्र नै मानिन्छ । शंकरपूर, भगवती, रानीशिखर, रिठाचौपाता, ग्वानी, डाडाकोट, हिकिला, आदि साविक गा.वि.स.हरु यस प्रदेशमा पर्दछन् ।

**इ) लेकाली भाग :-**

लेकाली भाग प्राकृतिक सौन्दर्यताले भरीपूर्ण तर अन्न उत्पादनका दृष्टिकोणले कम उर्बर छ । प्रायः हेमन्त ऋतुमा हिमपात हुनु यस भागको विशेषता हो । लेकाली प्रदेशअर्न्तगत सुन्सेरा, राप्ला, खण्डेश्वरी, घुसा, इयरकोट आदि साविक गा.वि.स.हरु पर्दछन् ।

**ई) हिमाली भाग :-**

जिल्लाको उत्तरपट्टिको चीनको स्वशासित क्षेत्र तिब्बत संग सीमा जोडिएको सामान्यतया बाह्रै महिना हिँउले ढाकिएको क्षेत्रमा उत्पादन मात्रै होइन मानिसहरुको बसोबाससमेत नगण्य छ । हिँउदमा तल बेसी खलंगा झर्ने र गृष्ममा फर्किने यहाँ बसोबास गर्ने ब्याँसी (सौका) समुदायको प्रमुख बासस्थान भएको व्यास गा.वि.स हालको ब्याँस गाउँपालिका वडा नं. १ यस प्रदेशको उदाहरण हो ।

**१.१(ग) प्रमुख नदी ताल तलैया सम्बन्धी विवरण :**

नेपाल र भारतको सीमा नदीको रुपमा बग्ने महाकाली नदी र यस जिल्लाको पूर्वपट्टि बैतडी जिल्ला संग जोडिएर बग्ने चमेलिया नदी दार्चुला जिल्लाका प्रमुख नदीहरु हुन । यी ठूला नदि बाहेक यहां तिकंरखोला ,कालागाड ,नौगाड ,थालीगाड ,लास्कु खोला ,आदि उल्लेखनिय खोलानाला हुन् । दार्चुला जिल्ला जलस्रोतको हिसाबमा धनी जिल्लाका रुपामा चिनिन्छ । यहाँ रहेका नदीनालाहरुमा लघु तथा बृहत जलविद्युत आयोजनाहरु संचालन गर्न सकिने सम्भावना रहेको छ । हाल चौलानी नदीमा ३० मेगावाट क्षमताको जलविद्युत आयोजना निर्माण सम्पन्न भएको छ । त्यसैगरी अपीहाईड्रो पावर, अपर नौगाड, अपर चमेलीया, मकरीगाड हाइड्रो पावर कम्पनी जस्ता जलविद्युत्त आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।

**१.१(घ). व्यापारीक महत्वका स्थानहरु :** खलंगा बजार, गोकुलेश्वर ,तिङ्कर छाडरु, जोलजिवी, पस्ती, मालिकार्जुन, लटिनाथ मार्मा, खण्डेश्वरी, दल्लेख आदी ।

**१.२ हावा पानी**

दार्चुला जिल्लाको भौगोलिक बनोटमा देखिएको विविधता झै हावापानी तथा वातावरणमा पनि बिषमता देखिन्छ । तसर्थ यस जिल्लाको हावापानीलाई देहाय बमोजिम विभाजन गर्न सकिन्छ ।

(क) **हिमाली हावापानी** :- यस जिल्लाको ४८७८ मीटर उचाइ भन्दा माथिको भु-भागमा यस किसिमको हावापानी पाईन्छ । जहाँ बाह्रै महिना हिँउले ढाकिएको हुन्छ र मानव बसोबास पाईदैन ।

(ख) **लेकाली हावापानी** :- यस किसिमको हावापानी उच्च हिमाली भेगहरुमा हिमरेखाको मुनितिर पाईन्छ । जो हिउँदमा हिँउले ढाकिने र गर्मीमा नाङ्गो हुन्छ । व्याँस, दुँहुं, अपीहिमाल, मार्मा र नौगाड गाउँपालिकाको उच्च भेगमा यस किसिमको हावापानी पाईन्छ ।

(ग) **ठण्डा शितोष्ण हावापानी** :- गृष्ममा गर्मी अनुभुति नहुनु र हिउँदमा तुलनात्मकरुपमा बढी चिसो हुने करिब २१३४ मीटर भन्दा माथिको भूभागमा यस प्रकारको हावापानी पाईन्छ । व्याँस, दुँहुं, अपीहिमाल, मार्मा ,नौगाड महाकाली नगरपालिका, शैल्यशिखर नगरपालिकाको केही भेगहरुमा यस प्रकारको हावापानी पाईन्छ ।

(घ) **समशितोष्ण हावापानी** :- जिल्लाको मध्यभागमा रहेका समुद्र सतहबाट ९१५ मीटर देखि २१३४ मीटरको उचाईमा रहेका गा.वि.स.हरुमा यस किसिमको हावापानी पाईन्छ । गृष्ममा धेरै गर्मी र हिँउदमा साह्रै चिसो अनुभुती नहुनु यहाँको मुख्य विशेषता हो । लेकम, मालिकार्जुन गाउँपालिका र महाकाली शैल्यशिखर नगरपालिकाको मध्यम भेगहरुमा यस प्रकारको हावापानी पाईन्छ ।

(ङ) **उष्ण हावापानी** :- जिल्लाको पश्चिम दक्षिणमा नदीका बेसीहरुमा उष्ण हावापानी पाईन्छ । ग्रीष्ममा अत्याधिक गर्मी र हिँउदमा आंसिकरुपमा चिसो हुनु यहाँको हावापानीमा पाईने मुख्य विशेषता हो । खासगरी महाकाली र चौलानी नदि किनारका तटीय क्षेत्रहरुमका यस्तो किसिमको हावापानी पाईन्छ ।

## १.३ राजनैतिक विभाजन

हालको सुदुरपश्चिम प्रदेशमा पर्ने दार्चुला जिल्ला महाकाली अञ्चलकै सवै भन्दा उत्तरमा पर्ने भारत र चीन दुवै देशसंग सिमाना जोडिएको दुई जिल्ला मध्ये एक हो । दार्चुला जिल्लामा विगतमा ४१ वटा गा.वि.स.,पछि ३६ वटा गा.वि.स. र १ नगरपालिका रहदै आएकोमा हाल आएर नेपाल सरकारले गरेको स्थानीय तहको पुर्नःसंरचना अनुसार दार्चुलामा हाल २ वटा नगरपालीलका ७ गाउँपालिका र ६१ वटा वडाहरु रहेको छ । यसको विस्तृत विवरण तल उल्लेख भए वमोजिम रहेको छ ।

**दार्चुला जिल्लाका स्थानीय तहहरुको जनसंख्याको प्रारम्भिक नतिजा**

| क्र.स. | स्थानीय तह | घर सँख्या | परिवार सँख्या | प्रारम्भिक जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | **जम्मा** | **पुरुष** | **महिला** |
| १ | अपीहिमाल गाउँपालिका | १२५६ | १३६३ | ७०२३ | ३४३८ | ३५८५ |
| २ | व्याँस गाउँपालिका | २१६८ | २३६१ | १०२०५ | ४८८४ | ५३२१ |
| ३ | दुहुँ गाउँपालिका | १९०६ | २२९३ | ९९१२ | ४५८० | ५३३२ |
| ४ | लेकम गाउँपालिका | २६४५ | ३०४५ | १३६३८ | ६५२० | ७११८ |
| ५ | महाकाली नगरपालिका | ४५९६ | ६०८० | २४५७२ | १२०७२ | १२५०० |
| ६ | मालिकार्जुन गाउँपालिका | २९९३ | ३२४१ | १५७५४ | ७६३१ | ८१२३ |
| ७ | मार्मा गाउँपालिका | २७०४ | ३०८६ | १५५८६ | ७५५१ | ८०३५ |
| ८ | शैल्यशिखर नगरपालिका | ४०१२ | ४५६१ | २१९३२ | १०६८५ | ११२४७ |
| ९ | नौगाड गाउँपालिका | २९२० | ३१५६ | १६४३४ | ७९८८ | ८४४६ |

*श्रोतःराष्ट्रिय जनगणना २०७८*

शिक्षाको जिल्लागत तथ्यांक

| सि.न. | नाम | सामुदायिक | | | | संस्थागत | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १/५ | १/८ | १/१० | १/१२ | १/५ | १/८ | १/१० | १/१२ | |
| १ | अपिहिमाल | १५ | ५ | २ | १ | ० | ० | ० | ० | २३ |
| २ | ब्यास | १८ | ३ | ४ | १ | १ | ० | ० | ० | २७ |
| ३ | दुहु | १२ | २ | ३ | २ | २ | ० | ० | ० | २१ |
| ४ | लेकम | ३० | ९ | ६ | ४ | | | | ० | ४९ |
| ५ | महाकाली | ३० | ८ | ६ | ४ | ४ | १ | ३ | ० | ५६ |
| ६ | मालिकार्जुन | २५ | ८ | ७ | ४ | १ | ० | ० | ० | ४५ |
| ७ | मार्मा | ३२ | ५ | ५ | १ | | | | ० | ४३ |
| ८ | नौगाड | २८ | ८ | ४ | २ | १ | ० | ० | ० | ४३ |
| ९ | शैल्यशिखर | २९ | ११ | ५ | ६ | २ | १ | १ | ० | ५५ |
| जम्मा | | २१९ | ५९ | ४२ | २५ | ११ | २ | ४ | ० | ३६२ |

दार्चुला जिल्ला मा गरिव परिवारको विवरणः

| क्र.सं. | पालिकाको नाम | परिचयपत्रको वर्गिकरण | | | |
|---|---|---|---|---|---|
| | | अति गरिव | मध्यम गरिव | सामान्य गरिव | जम्मा |
| १ | ब्याँस गाउँपालिका | ६२२ | ३४३ | १२४ | १०८९ |
| २ | दुहुँ गाउँपालिका | ६३७ | ३७२ | १३० | ११३९ |
| ३ | महाकाली नगरपालिका | ९५४ | ४८५ | १७१ | १६१० |
| ४ | नौगाड गाउँपालिका | १२४७ | ४८६ | १५४ | १८८७ |
| ५ | अपिहिमाल गाउँपालिका | २४४ | २२१ | ९० | ५५५ |
| ६ | मार्मा गाउँपालिका | ७०९ | ५०० | २४१ | १४५० |
| ७ | शैल्यशिखर नगरपालिका | ११६८ | ६२८ | २२१ | २०१७ |
| ८ | मालिकार्जुन गाउँपालिका | ६२३ | ४३३ | १५४ | १२१० |
| ९ | लेकम गाउँपालिका | ६७० | ४७२ | १५५ | १२९७ |

# महाकाली नगरपालिका परिचय

**महाकाली नगरपालिकाको संक्षिप्त परिचय**

**श्रोत नक्साः**




नेपालको संविधान बमोजिम राज्य पुर्नसंरचना भए बमोजिम सुदुरपश्चिम प्रदेश अन्तरगत दार्चुला जिल्लाको सदरमुकाम खलंगा वरपरका क्षेत्रहरु खलंगा, छापरी, काँटै, धाप र दत्तु (साविक अपी नगरपालिका वडा नम्बर १ देखि १७ सम्म र दत्तु गा.वि.स) लाई समायोजन गरेर महाकाली नगरपालिकाको पुर्नसंरचना गरिएको छ। हिन्दुहरुको पवित्र धर्मस्थल कैलाश मानसरोबरको प्रवेशद्वार, हिमालयको काख, महाकाली नदिको किनारमा महाकाली लोकमार्गसँगै जोडिएको ९ वटा वडाहरुमा महाकाली नगरपालिकालाई विभाजन गरी २०७३ फागुन २७ गते नगरपालिका घोषणा गरिएको हो।

यस नगरपालिकाको पुर्वमा नौगाड गाउँपालिका, पश्चिममा भारत, उत्तरमा दुहूँ गाउँपालिका र दक्षिणमा शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकासँग सीमाना जोडिएको छ। महकाली नदि किनारमा अवस्थित महाकाली नगरपालिका विश्वमानचित्रमा २९ डिग्री ३६ मिनेट देखि२९ डिग्री ४५ मिनेट उत्तरी आक्षांश र ८० डिग्री २४ मिनेट देखि ८० डिग्री ३९ मिनेट पूर्विदेशान्तर सम्म फैलिएको छ।

महाकाली नगरपालिकाले कुल १३५.११ बर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ। महाकाली नगरपालिकामा उच्च हिउँपर्ने क्षेत्र देखि महाकाली नदी किनारमा रहेका फाँटहरुलाई समेटेर बनेको छ। यहाँ धार्मिक एवं सांस्कृतिक शक्ति पीठहरु, मौलिक संस्कृति, प्राकृतिक सम्पदाले भरीपुर्ण रहेको महाकाली नगरपालिका पर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र हो। प्रकृतिको अनुपम नमुनाको रुपमा जैविक विविधता तथा प्राकृतिक सम्पदाले भरीपुर्ण र विविध जातजाती, भाषाभाषी, धर्मावलम्बीहरुको बसोबास रहेको छ।

**वडा अनुसार महाकाली नगरपालिकाको जनसंख्या:**

Ward wise population distribution




## राज्य पुनर्संरचना पश्चात महाकाली नगरपालिकाले हाल सम्म पारित गरेका ऐन, कानुन, नियम, निर्देशिका र कार्यविधिहरुको विवरण:

| क.स. | कानुनको नाम | नगर सभा/ का.पा.बाट पारित मिति | प्रमाणिकरण मिति | राजपत्रमा प्रकाशन मिति |
|---|---|---|---|---|
| | आ.व. २०७४।०७५ का पारित कानुनहरु | | | |
| ०१ | महाकाली नगरपालिकाको प्रशासकिय कार्यबिधि -नियमिति गर्ने) ऐन २०७५ | २०७५।०१।११ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| ०२ | महाकाली नगरपालिका न्यायिक समिति - कार्यविधि सम्बन्धी ) ऐन २०७५ | २०७५।०१।११ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| ०३ | महाकाली नगर कार्यपालिका - कार्य सम्पादन )नियमावली २०७४ | २०७४।०४।५ | २०७४।०४।५ | २०७५।०१।२६ |
| ०४ | नगर कार्यपालिका -कार्य बिभाजन ) नियमावली २७४ | २०७४।०४।०५ | २०७४।०४।५ | २०७५।०१।२६ |
| ०५ | महाकाली नगरपालिकाको नगरसभा संचालन कार्यविधि | २०७४।०४।५ | २०७४।०४।०५ | २०७५।०१।२६ |
| ०६ | महाकाली नगरपालिका पदाधिकारीहरुको अचारसंहिता २०७४ | २०७४।५।३० | २०७५।०५।३० | २०७५।०१।२६ |
| ०७ | बाढी पिडित परिचयपत्र वितरण निर्देशिका २०७४ | २०७५।०१।११ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| ०८ | महाकाली नगरपालिका योजना संचालन सम्बन्धिकार्यविधि २०७४ | २०७५।०१।१२ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| ०९ | महाकाली नगरपालिका को राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ | २०७४।१२।२८ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| १० | भवन तथा बस्ति बिकास शहरी योजना निर्माण सम्बिन्धि मापदण्ड २०७४ | २०७४।०१।१२ | ०७५।०१।१९ | २०७५।०१।२६ |
| ११ | महाकाली नगरपालिकाको शिक्षा नियमावलि२०७५ | २०७५।०१।११ | २०७५।०१।१९ | २०७५।०१।२६ |

| | | | | |
|---|---|---|---|---|
| १२ | एफ.एम.रेडियो व्यवस्थापनतथा संचालन ) कार्यविधि २०७४ | २०७४।०५।३० | २०७४।६।७ | २०७५।०१।२६ |
| १३ | महाकाली नगरपालिका दार्चुलाको घवर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ | २०७५।०१।१२ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| १४ | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ | २०७५।०१।१२ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| १५ | विपद व्यवस्थापन कोष संचालन निर्देशिका २०७५ | २०७५।०१।१२ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| १६ | मर्मत संभार कोष संचालन निर्देशिका २०७५ | २०७५।०१।१२ | २०७५।०१।१९ | २०७५।०१।२६ |
| आ.व. २०७५।०७६ मा पारित कानुनहरु | | | | |
| ०१ | सानासिचाई बिशेष कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ | २०७५।१०।२४ | २०७५।११।०१ | २०७५।१२।१९ |
| ०२ | व्यवशाय दर्ता नविकरण कार्यविधि २०७५ | २०७५।१०।२४ | | ०७५।१२।१९ |
| ०३ | नगर शिक्षा बिकास कोष संचालन कार्यविधि २०७५ | २०७५।१०।२६ | २०७५।११।०१ | ०७५।१२।१९ |
| ०४ | आधारभुत(कक्षा ८ )को अन्तिम परिक्षा संचालन व्यवस्थापन तथा नियमन कार्यबिधि २०७५ | २०७५।१२।९ | २०७५।१२।२० | ०७५।१२।१९ |
| ०५ | महाकाली नगरपालिकाको नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ | २०७५।१२।०९ | २०७५।१२।२० | २०७५।१२।२१ |
| ०६ | महाकाली नगरपालिकाको बाल शिक्षा विकास केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ | २०७५।१२।१० | २०७५।१२।२० | २०७५।१२।२१ |
| ०७ | महाकाली नगरपालिकाको निर्णय वाआदेश र अधिकार पत्रको प्रमाणिकरण -कार्यविधि) नियमावली २०७४ (पहिलो संशोधन २०७६) | २०७६।०१।१० | २०७६।०१।१५ | २०७६।०१।१५ |
| ०८ | महाकाली नगरपालिकाको नि.व्य.(घ) कर्गको इजाजतपत्र सम्बन्धि कार्यविधि २०७६ | २०७६।०१।१० | २०७६।१।१५ | २०७६।०१।१५ |
| ०९ | विपद व्यवस्थापन बिशेष कोष संचाल ननिर्देशिका २०७५।पहिलो संशोधन | २०७६।२।१० | २०७६।२।२० | २०७६।२।१० |
| १० | श्रोत व्यक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ | २०७६।१।१४ | २०७६।१।२५ | २०७६।०१।२५ |
| आ.व. २०७६।०७७ का पारित कानुनहरु | | | | |
| ०१ | आर्थिक ऐन २०७६ | २०७६।३।२१ | २०७६।३।२८ | २०७६।४।१५ |
| ०२ | विनियोजन ऐन २०७६ | २०७६।३।२५ | २०७६।३।२८ | २०७६।४।१५ |
| ०३ | जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धि कार्यविधि २०७६ | २०७६।४।१ | २०७६।४।१९ | २०७६।४।२४ |
| ०४ | मेशेनरी औजार संचालन सम्बन्धि कार्यविधि २०७६ | २०७६।५।२३ | २०७६।५।३० | २०७६।०६।०३ |
| २०७७।२०७८ का पारित कानुनहरु | | | | |
| ०१ | आर्थिक ऐन २०७७ | २०७७।३।१५ | २०७७।३।२५ | २०७७।४।४ |

| | | | | |
|---|---|---|---|---|
| ०२ | विनियोजन ऐन | २००७७३।२५ | २०७७३।३० | २०७७४।४ |
| ०३ | अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि २०७५ | २०७५।८।११ | २०७५।८।११ | २०७७४।८ |
| ०४ | आधारभुत तहको बार्षिक परिक्षा संचालन व्यवस्थापन तथा नियमन कार्यविधि २०७६ | २०७६।१०।१४ | २०७६।१०।२३ | २०७७४।१२ |
| आ.व. २०७८।०७९ का पारित कानुनुहरु | | | | |
| ०१ | बाडीपिडित परिचयपत्र वितरण निर्देशिका २०७६ | २०७६।१०।१४ | २०७६।१०।२० | २०७८।०९।८ |
| ०२ | असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरुलाई उपलब्ध गराउन मापदण्ड २०७६ | २०७६।१२।२७ | २०७६।१२।२७ | २०७८।०९।८ |
| ०३ | सुपथ मुल्य पसल संचालन कार्यविधि २०७७ | २०७७४।२७ | २०७७५।५ | २०७८।९।८ |
| ०४ | नगर प्रमुख रोजगार कार्यक्रम संचालननिर्देशिका २०७७ | २०७७४।२७ | २०७७५।५ | २०७८।५।५ |
| ०५ | योजना तर्जुमा कार्यान्वन तथा व्यवस्थापन कार्यविधि २०७७ | २०७७०५।२७ | २०७७५।३० | २०७८।०९।८ |
| ०६ | नगर एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि २७७ | २०७७६।२५ | २०७७६।२५ | २०७८।०९।८ |
| ०७ | हाट बजार संचालन कार्यविधि २०७७ | २०७७८।१० | २०७७८।१८ | २०७८।०९।८ |
| ०८ | कृषक पेन्सन सम्बन्धि कार्यविधि २०७७ | २०७७८।१० | २०७७८।१८ | २०७८।०९।८ |
| ०९ | लैङ्गिक हिन्सा निवारण कोष संचालन कार्यविधि २०७७ | २०७७८।१० | २०७७८।१८ | २०७८।०९।८ |
| १० | अनुगमनतथा भ्रमण खर्च कार्यविधि २०७७ | २०७७९।१५ | २०७७९।२६ | २०७८।९।८ |
| ११ | कन्टेन्जेन्सि रकम व्यवस्थापन तथा खर्च सम्बन्धि कार्यविधि २०७८ | २०७८।३।४ | २०७८।४।१५ | २०७८।०९।८ |
| १२ | महाकाली नगरपालिकाको आर्थिक ऐन २०७८ | २०७८।३।१२ | २०७८।३।२५ | २०७८।९।८ |
| १३ | महाकाली नगरपालिकाको विनियोजन ऐन२०७८ | २०७८।३।२१ | २०७८।३।३१ | २०७८।०९।८ |
| १४ | बेसहारा आमाबुवाको सहारा तथा टुहुरा बालबालिका को अभिभावकनगर प्रमुख कार्यविधि २०७८ | २०७८।०५।१८ | २०७८।०५।३१ | २०७८।०९।८ |
| १५ | बजार अनुगमन तथा व्यवस्थापन कार्यविधि २०७८ | २०७८।०५।१८ | २०७८।५।३१ | २०७८।०९।८ |
| १६ | कृषि तथा पशु सेवा प्राविधिक (स्वयंम सेवक) छनौट कार्यविधि २०७८ | २०७८।०५।२० | २०७८।०५।३० | २०७८।०९।८ |
| १७ | बिद्यालयमा कम्प्यसटर प्रशिक्षक छनौट कार्यविधि २०७८ | २०७८।५।२० | २०७८।५।३० | २०७८।०९।८ |
| १८ | बिद्यालयमा खेलकुद प्रशिक्षक छनौट कार्यविधि २०७८ | २०७८।५।२० | २०७८।५।३० | २०७८।०९।८ |
| १९ | एकल महिलाको साथी नगर उपप्रमुख कार्यक्रम संचालन कार्यविधि २०७८ | २०७८।५।२० | २०७८।५।३० | २०७८।०९।८ |
| २० | बिद्यालय गुणस्तर सुधार कार्यविधि २०७५ | २०७५।३।५ | २०७५।३।१० | २०७८।११।०६ |

| | | | | |
|---|---|---|---|---|
| २१ | महाकाली नगपलिकाको सहकारी ऐन २०७५ | २०७५।३।२४ | २०७५।३।२४ | २०७८।११।०६ |
| २२ | एकिकृत सम्पत्तिकर व्यवस्थापन कार्यविधि२०७५ | २०७५।३।३० | २०७५।४।२ | २०७८।११।०६ |
| २३ | जलश्रोत उपयोग सम्बन्धि कार्यविधि २०७५ | २०७५।०९।०६ | २०७५।०९।०८ | २०७८।११।०६ |
| २४ | सरसफाई तथ फोहोरमैला व्यवस्थापन कार्यविधि २०७५ | २०७५।०९।०६ | २०७५।०९।०८ | २०७८।११।०६ |
| २५ | उर्जा बिकास सम्बन्धि कार्यविधि २०७५ | २०७५।०९।६ | २०७५।०९।८ | २०७८।११।०६ |
| २६ | लक्षितवर्ग कार्यक्रम संचालन निर्देशिका २०७७ | २०७७।२।१७ | २०७७।२।१७ | २०७८।११।०६ |
| २७ | टोलबिकास संस्था -गठन तथा परिचालन ) कार्यविधि २०७८ | २०७८।९।१० | २०७८।०९।२० | २०७८।१२।५ |
| २८ | ढुङ्गागिट्टि बालुवा संकलनबिकि वितरण तथा राजश्व व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८ | २०७८।१०।०८ | २०७८।१०।२० | २७८।१२।०५ |
| २९ | शहरी योजना तथा भवन निर्माण सम्बन्धि कार्यविधि २०७८ | २०७८।११।२७ | २०७८।१२।१० | २०७९।०१।०५ |
| आ.व.२०७९।०८० का पारित कानुनहरु | | | | |
| ०१ | महाकाली नगरपालिकाको आर्थिक ऐन २०७९ | २०७९।३।१६ | २०७९।३।२७ | २०७९।०४।११ |
| ०२ | महाकाली नगरपालिकाको विनियोजन ऐन २०७९ | २०७९,०३।२४ | २०७९।३।३१ | २०७९।४।११ |
| ०३ | महाकाली नगर शिक्षाऐन २०७९ | २०७९।३।२६ | २०७९।०३।३१ | २०७९।०४।११ |
| ०४ | सामुदायिक बिद्यालयको बिद्यालय व्यवस्थापन समिति गठन सम्बन्धि कार्यविधि २०७९ | २०७९।०४।१३ | २०७९।०४।१८ | २०७९।०४।२० |
| ०५ | श्रोतव्यक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ (पहिलो संशोधन २०७९) | २०७९।४।३० | २०७९।०४।३१ | २०७९।०४।३१ |
| ०६ | महाकाली नगरपालिकाको बिपन्न सहायता तथा आर्थिक सहायता सम्बन्धि कार्यबिधि २०७९ | २०७९।५।२७ | २०७९।५।२७ | २०७९।५।२७ |
| ०७ | महाकाली नगरपालिकाको नगर प्रहरी ऐन २०७९ | २०७९।०९।१९ | २०७९।०९।२१ | २०७९।९।२१ |
| ०८ | महाकाली नगर युवा परिषद गठन तथा संचालन ऐन २०७९ | २०७९।०९।१९ | २०७९।०९।२१ | २०७९।०९।२१ |
| ०९ | महाकाली नगर योजना आयोग गठन तथा संचालन ऐन २०७९ | २०७९।०९।१९ | २०७९।०९।२१ | २०७९।०९।२१ |
| १० | नगर शिक्षाऐन २०७९ पहिलो संशोधन (२०७९) | २०७९।०९।१९ | २०७९।०९।२८ | २०७९।०९।२८ |
| ११ | उद्यम बिकास संयोजक सेवा करार सम्बन्धी कार्यविधि २०७९ | २०७९।११।१७ | २०७९।११।१७ | २०७९।११।३० |
| १२ | न्यायिक सहजकर्ता नियुक्तीतथा परिचालन कार्यविधि २०७९ | २०७९।१२।२८ | २०८०।०१।०५ | २०८०।०१।०६ |
| १३ | स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका | २०८०।०१।११ | २०८०।०१।१५ | २०८०।०१।१५ |
| १४ | बिद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि २०८० | २०८०।०१।११ | २०८०।०१।११ | २०८०।०१।१५ |
| १५ | महाकाली नगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि २०८० | २०८०।०१।११ | २०८०।०३।२० | २०८०।३।२१ |

सामुदायिक तथा संस्थागत विद्यालयहरुको विवरणः

| क्र. सं. | विद्यालयको नाम | स्थापना मिति | प्रधानाध्यापकको नाम थर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री महेन्द्र नमुना मा. वि. खलंगा | २००९/०४/२८ | रामदत्त जोशी | ९८४८७२७५९७ |
| २ | श्री मालिकार्जुन नमुना मा. वि. धाप | २०२२/०२/२२ | सुन्द्रसिंह बुढाथोकी | ९८४८८७५६२८ |
| ३ | श्री राष्ट्रिय मा. वि. दत्तु | २०१७/०९/१६ | राजेशसिंह सामन्त | ९८६८८६६४१० |
| ४ | श्री छन्ना तिङ्करी कन्या मा. वि. खलंगा | २०५३/०१/०२ | गीताकुँवर | ९८४९५५५४८७ |
| ५ | श्री हुस्कर मा. वि. काँटै | २०११/११/०५ | महेशदत्त भट्ट | ९८५८७७५०१९ |
| ६ | श्री अल्कापूरी मा. वि. कोट कौतोली | २०३३/१०/१७ | दुर्गादत्त भट्ट | ९८५८७८७३२९ |
| ७ | श्री हिमालय मा. वि. धौकोट | २०२२/०९/०८ | चन्द्रसिंह डाँगा | ९८४७५२०६९३ |
| ८ | श्री गडीभवन मा. वि. थाप्ला | २०१८/१०/०५ | भवानसिंह सामन्त | ९८६८८२७९९९ |
| ९ | श्री मालिकार्जुन मा. वि. निसिल | २०१४/०८/१४ | दिलबहादुर पाल | ९८६८७२३७८३ |
| १० | श्री हुनैनाथ मा. वि. बाँझ | २०५०/११/०३ | वीरसिंह महर | ९८६५९५७८९२ |
| ११ | श्री कैलाशपति आ. वि. छाङ्गरु | २००४/०८/०५ | अम्बिकाऐतवाल | ९७४९३१२४११ |
| १२ | श्री जनप्रिय आ. वि. किम्तडी | २०१७/०१/०२ | देवसिंह ठगुन्ना | ९८६५७०६४३४ |
| १३ | श्री मालिकार्जुन आ. वि. पौनेखोला | २०४०/०१/०१ | हरिदत्त जोशी | ९८४७५५५७९२ |
| १४ | श्री जायझुल आ. वि. जायझुल | २०१८/०१/०१ | माधवराज भट्ट | ९८४८९९२२४७ |
| १५ | श्री मालिकार्जुन आ. वि. झुस्कु | २०४५/०२/१७ | तारादत्त भट्ट | ९८६८७७३५६१ |
| १६ | श्री मालिकार्जुन आ. वि. सकार | २०४५/११/१५ | आनसिंह धामी | ९८४८९०२०५९ |
| १७ | श्री छापरी आ. वि. छापरी | २०१८/०२/०१ | शेरसिंह कुँवर | ९८६८४४६६१० |
| १८ | श्री दुर्गा लटिनाथ आ. वि. मैखोली | २०२८/०१/०१ | धनसिंह शाहु | ९८६८७७७११८ |
| १९ | श्री टोपीनाथ आ. वि. बबा | २०४५/०३/३० | जयसिंह कुँवर | ९८४७०९६५१२ |
| २० | श्री टोपीनाथ आ. वि. दह | २०५१/०९/११ | रमेशसिंह धामी | ९८४८८५६८४२ |
| २१ | श्री भवानी आ. वि. कोटधार | २०६६/१२/२९ | सन्तोषसिंह कुँवर | ९८६८७१२३९० |
| २२ | श्री भुमिराज आ. वि. मलेरा | २०५०/१०/२५ | करनसिंह कुँवर | ९८६५६६३४४८ |
| २३ | श्री सरस्वति आ. वि. श्रीवगड | २०४१/०१/१२ | वीरसिंह बडाल | ९८६५७१७९२२ |
| २४ | श्री नवयुवक आ. वि. धम्पनेरा | २०४५/०२/१५ | डम्बरसिंह खत्री | ९८४८८९६२०६ |
| २५ | श्री ज्योति आ. वि. बुढीचौरा | २०४२/०८/०२ | मानसिंह धामी | ९८६७३१६९६९ |
| २६ | श्री ब्रह्ममैकाश्वरी आ. वि. पन्डोरा | २०५५/०१/१८ | हरिप्रसाद भट्ट | ९८४८७९७४९२ |
| २७ | श्री भुवनेश्वरी आ. वि. पन्डोरा | २०४५/०९/१७ | रामसिंह धामी | ९८६०३४५६५३ |
| २८ | श्री सरस्वति आ. वि. मुल्ला | २०५३/०३/०३ | रामसिंह डोबाल | ९८४८७११४८७ |
| २९ | श्री मालिकार्जुन आ. वि. कोलुधार | २०५३/०१/०१ | दुर्गादत्त बडू | ९८६८७१०५२५ |
| ३० | श्री समैजी आ. वि. मानाकोट | २०६५/०९/१७ | पार्वतीधामी | ९८४३८१३९११ |
| ३१ | श्री आ. वि. बाझ | २०२०/०९/०१ | किशनसिंह महर | ९८४८९९३७१ |
| ३२ | श्री आ. वि. जायझूल | २०४८/०९/०१ | श्यामराज भट्ट | ९८६८७७३४९७ |
| ३३ | श्री दशरथनगर आ. वि. दशरथनगर | २०२७/०९/०१ | दीपकप्रसाद अवस्थी | ९८४८७२७५११ |
| ३४ | श्री मोती महिला संघ आ. वि. तिङ्कर | २०१७/०१/१५ | चमकसिंह तिङ्करी | ९८६१५८४९०० |
| ३५ | श्री जगन्नाथ आ. वि. गल्फै | २०४६/०८/१८ | धर्मेन्द्रसिंह ठगुन्ना | ९८४८७११००६ |

| | | | | |
|---|---|---|---|---|
| ३६ | श्री जगन्नाथ आ. वि. धौलिगाड | २०४५/०९/१५ | हर्कबहादुर ठगुन्ना | ९८६४६४७०७७ |
| ३७ | श्री मालिकार्जुन आ. वि. पलेटा | २०६४/०१/०१ | विरभानसिंह धामी | ९८६८७२२५६४ |
| ३८ | श्री भगवती आ. वि. मसिनी | २०४६/०२/०२ | जानकीमहरा | ९८६८७७३५६० |
| ३९ | श्री भगवती आ. वि. चेटेगडा | २०४७/०१/१५ | बीरबहादुर पाल | ९८४२८९४४५२ |
| ४० | श्री लटिनाथ आ. वि. थालिगाड | २०५२/०९/०३ | सुरेन्द्रसिंह रैखोला | ९८६८५१२७९७ |
| ४१ | श्री असिगडा आ. वि. असिगडा | २००९/०१/०१ | तुलासिंह धामी | ९८६८८०८८८३ |
| ४२ | श्री भगवति आ. वि. काकडा | २०४५/०२/२६ | विष्णुभक्त विष्ट | ९७४६२४४३७३ |
| ४३ | श्री दुर्गेश्वरी आ. वि. थाम | २०४६/१२/२१ | टंकप्रसाद विष्ट | ९८६२४१९८१७ |
| ४४ | श्री हरिनाथ आ. वि. डाँडा | २०४३/०९/२१ | धनीदत्त भट्ट | ९८४८७५८२०७ |
| ४५ | श्री उलेनी आ. वि. उलेनी | २०४८/०१/२५ | दानसिंह डाँगा | ९८६८७९०१८८ |
| ४६ | श्री भुमिराज आ. वि. बेत | २०४१/११/१० | द्रोपतीचैंसिर | ९८४९५२४३६५ |
| | **संस्थागत विद्यालय** | | | |
| १ | श्री पशुपति शिक्षा मन्दिर खलंगा | २०५१/११/०७ | प्रेमसिंह खाति | ९८६८४६६३३६ |
| २ | श्री दार्चुला पब्लिक स्कुल दार्चुला | २०६४/०१/०२ | प्रेमसिंह शाहु | ९८४८९९९६९० |
| ३ | श्री बसन्त भ्याली पब्लिक स्कुल दार्चुला | २०६४/११/१६ | केशवगिरी | ९८६५९५९८१२ |
| ४ | श्री एसियन एकेडेमी दार्चुला | २०६८/०१/०२ | नवेन्द्रतिङ्करी | ९८४८९९९६८० |
| ५ | श्री न्यू मोडर्न स्कुल गल्फै | २०६२/०१/०८ | विक्रमसिंह रैखोला | ९८६५९६१२५९ |
| ६ | श्री अक्सफोर्ड एकेडेमी दार्चुला | २०६७/११/१६ | केशबदत्त जोशी | ९८४८७४२५७० |
| ७ | श्री अमटिकर पब्लिक स्कुल दार्चुला | २०६६/०१/०६ | प्रवेशप्रताप ऐतवाल | ९८४८७२५७४४ |
| ८ | श्री दिव्य गुरुकुल एकेडेमी दार्चुला | २०७२/१०/१७ | महेशदत्त भट्ट | ९८४८८११६१० |
| ९ | श्री जनता बोर्डिङ् स्कुल दत्तु | २०७६/०१/०१ | नरेशसिंह सामन्त | ९८४८८१६३८८ |

## विद्यमान स्वास्थ्य संस्थाहरु तथा सेवाहरुको विवरणः

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | कर्मचारीहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पारामेडिक्स | नसिंङ | फारमेसी | का.स. | स्वीपर | ल्याव असिस्टेन्ट |
| १ | स्वास्थ्य शाखा | म.न.पा. स्वास्थ्य शाखा | २ | २ | | १ | | |
| २ | छापरी स्वास्थ्य चौकी | म.न.पा. १ | २ | ३ | | १ | १ | |
| ३ | काँटै स्वास्थ्य चौकी | म.न.पा. ३ | ३ | ३ | | ० | १ | |
| ४ | खलंगा स्वास्थ्य चौकी | म.न.पा. ३ | २ | ३ | | १ | १ | |
| ५ | धाप स्वास्थ्य चौकी | म.न.पा. ७ | २ | ४ | | १ | १ | |
| ६ | दत्तू स्वास्थ्य चौकी | म.न.पा. ९ | ३ | ३ | | १ | १ | |
| ७ | वंगावगड आधारभूत स्वास्थ्य केन्द्र | म.न.पा. ४ | १ | २ | | १ | | |
| ८ | निसिल आधारभूत स्वास्थ्य केन्द्र | म.न.पा. ६ | २ | १ | | १ | | |
| ९ | धौकोट आधारभूत स्वास्थ्य केन्द्र | म.न.पा. ८ | १ | १ | | १ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | मैखोली शहरी स्वास्थ्य केन्द्र | म.न.पा. २ | १ | १ | | १ | | |
| ११ | किम्तडी शहरी स्वास्थ्य केन्द्र | म.न.पा. ५ | १ | १ | | १ | | |
| १२ | पौन्याखोला शहरी स्वास्थ्य केन्द्र | म.न.पा. ६ | १ | ० | | १ | | |
| १३ | थाप्ला शहरी स्वास्थ्य केन्द्र | म.न.पा.९ | १ | १ | | १ | | |
| १४ | जिल्ला अस्पताल दार्चुला | म.न.पा. ५ | | | १ | १ | ४ | २ |
| | जम्मा | | २२ | २५ | १ | १२ | ९ | २ |

**स्वास्थ्य संस्थाको विवरण**

१) स्वास्थ्य चौकीः– जम्मा ५ वटा २) आ.स्वा.के.ः– जम्मा ३ वटा ३) श.स्वा.के.ः– जम्मा ५ वटा

**कर्मचारीको विवरण**

१) पारामेडिक्स स्थायीः– जम्मा १३ जना २)पारामेडिक्स अस्थायीः– जम्मा ९ जना

३) नर्सिङ स्थायीः– जम्मा ११ जना ४)नर्सिङ अस्थायीः– जम्मा १५ जना

५) फारमेसी अस्थायीः– जम्मा १ जन ६) ल्या.अ.अस्थायीः– ३ जना

७)का.स. अस्थायीः– जम्मा ११ जना ८) स्वीपरअस्थायीः– जम्माजम्मा ८ जना

जम्मा स्वास्थ्यकर्मी स्थायीः–२४ जना जम्मा स्वास्थ्यकर्मी अस्थायीः–२८ जना

जम्मा का.स. अस्थायीः–१२ जना जम्मा स्वीपर अस्थायीः– ७ जना

**जम्मा ७१ जना**

**स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरुको विवरण :**

| **क.स.** | **चाडपर्व** | **मनाईने महिना** |
|---|---|---|
| १ | विसु तथा नयाँ बर्ष | बैसाख महिना |
| २ | असार पन्ध्र | असार महिना |
| ३ | नागपञ्चमी | श्रावण महिना |
| ४ | रक्षाबन्धन | भाद्र महिना |
| ५ | गौरा पर्व | भदौं महिना |
| ६ | तृतीया, तीज | भदौं महिना |
| ७ | कृष्ण जर्माष्टमी | भदौं महिना |
| ८ | बारह बर्ष किरजी मेला | असोज |
| ९ | विजया दशमी तथा दशैं | असोज महिना |
| १० | तिहार (दिपावली) | कार्तिक महिना |
| ११ | धवला | गुरु पूर्णिमा |
| १२ | पुष पन्ध्र | पौष महिना |
| १३ | माघेसंक्रान्ति | माघ महिना |
| १४ | शिवरात्री | फागुन महिना |

| | | |
|---|---|---|
| १५ | विसो नरहरी | चैत्र / श्रावण महिना |
| १६ | होली पर्व | फागुन /चैत महिना |
| १७ | घोडा जात्रा | गुरु पूर्णिमा |
| १८ | वडानी / व्यार्सिकी | जनै पूर्णिमा |
| १९ | लौसार | फागुन |

*श्रोत : स्थानीय बुद्धिजीवीहरुबाट*

**पर्यटकीय स्थलहरुको विवरण (धार्मिक/ऐतिहासिक/पुरातात्विक) :**

| क्र.स. | पर्यटकीय स्थलहरुको नाम | स्थलको महत्व | वडा नं. | पर्यटक आउने औसत संख्या |
|---|---|---|---|---|
| १ | छापरी भ्यु टावर | पर्यटन | १ | १० देखि १२ |
| २ | मालिकार्जुन मन्दिर | धार्मिक महत्व | ३ | पुजाको बेला भिड लाग्छ |
| ३ | हुनैनाथ मन्दिर | | ३ | पुजाको बेला भिड लाग्छ |
| ४ | डुङरी समैजि मन्दिर | | ३ | पुजाआजाको बेला भिड लाग्छ |
| ५ | खलंगा बजार | व्यापारीक महत्व | ४ | |
| ६ | बौद्ध स्तुप मनेपमे | धार्मिक महत्व | ४ | |
| ७ | जगन्ना मन्दिर गल्फै | | ५ | |
| ८ | मालिकार्जुन मन्दिरमोहती | | | पुजाआजाको बेला भिड लाग्छ |
| ९ | तिङ्कर गुम्बा | | ५ | |
| १० | नमस्कार मन्दिर | | | |
| ११ | मालिकार्जुन मन्दिर धाप | | | पुजाआजाको बेला भिड लाग्छ |
| १२ | खेट्टेबगड पिकनिक स्पोर्ट | पिकनिक | ५ | भिड लाग्छ |

**लघुउद्यमी समूहहरुको विवरण**

| क्र.सं. | लघु उद्यमी समूहको नाम | ठेगाना | सदस्य संख्या | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | सगरमाथा लघु उद्यमी समूह | म.न.पा. २ | २४ | २४ | ० |
| २ | समैजी लघु उद्यमी समूह | म.न.पा. ९ | १७ | १६ | १ |
| ३ | सृजनशील लघु उद्यमी समूह | म.न.पा. ६ | १४ | ८ | ६ |
| ४ | भुमिराज लघु उद्यमी समूह | म.न.पा. ३ | २० | १९ | १ |

**सीप विकास तालिम सम्बन्धि विवरण**

| क्र.सं. | सीप विकास तालिम सम्बन्धि विवरण | ठेगाना | जम्मा | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | मौरी पालन सीप विकास तालिम | म.न.पा. ६ निसिल | १४ | ८ | ६ |
| २ | व्यवसायिक च्याउखेती सीप विकास तालिम | म.न.पा.९ दत्तू | ६ | ६ | ० |
| ३ | व्यवसायिक बाख्रा पालन सीप विकास तालिम | म.न.पा. ९ दत्तू | ६ | ५ | १ |
| ४ | सिलाई कटाई सीप विकास तालिम | म.न.पा. ९ दत्तू | २ | २ | ० |
| ५ | मोबाईल मर्मत सीप विकास तालिम | म.न.पा. ९ | १ | १ | ० |
| ६ | व्यवसायिक च्याउखेती सीप विकास तालिम | म.न.पा. २ | १० | १० | ० |
| ७ | मौसमी तथा वेमौसमी तरकारी खेती सीप विकास तालिम | म.न.पा. २ | १४ | १४ | ० |
| ८ | व्यवसायिक बाख्रा पालन सीप विकास तालिम | म.न.पा. ३ | २० | १९ | १ |
|  | जम्मा |  | ७३ | ६५ | ८ |

**पुनर्ताजगी सीप विकास तालिम**

| क्र.सं. | सीप विकास तालिमको नाम | ठेगाना | जम्मा | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | होजियारी पुनर्ताजगी सीप विकास तालिम | म.न.पा. ७ | १० | १० | ० |
| २ | होजियारी पुनर्ताजगी सीप विकास तालिम | म.न.पा. ८ | १२ | १२ | ० |
| ३ | सिलाई कटाई पुनर्ताजगी सीप विकास तालिम | म.न.पा. २ | १० | १० | ० |
|  | जम्मा |  | ३२ | ३२ | ० |

**नगरपालिकाको कृषि क्षेत्रको विवरणः**

| क्र.सं. | क्षेत्र | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि उत्पादन क्षेत्र |  |  |  |  |
| १.१ |  | खेती योग्य जमिन | हेक्टर | १५०० |  |
| १.२ |  | बाझो जमिन | हेक्टर | ५०० |  |
| २ | कृषि किसिम |  |  |  |  |
| २.१ |  | जीविकोपार्जन | हेक्टर | ८०० |  |
| २.२ |  | व्यवसायिक | हेक्टर | २०० |  |
| ३ | कृषि पकेट क्षेत्र |  |  |  |  |
| ३.१ |  | सुन्तला | हेक्टर | ३०० |  |
| ३.२ |  | आलु | हेक्टर | २०० |  |
| ३.३ |  | मौरी | हेक्टर | ३०० |  |
| ४ | वन जंगल क्षेत्र |  |  |  |  |
| ४.१ |  | काठ उत्पादन क्षेत्र | हेक्टर | १००० |  |
| ४.२ |  | दाउरा उत्पादन क्षेत्र | हेक्टर | १००० |  |
| ४.३ |  | जीवजन्तु | संख्या | ५०००० भन्दा बढी |  |

पशुपंक्षीको विवरणः

| सि.नं. | विभिन्न पशुका विवरण/पशु जन्य उत्पादन | स्थानीय जात | उन्नत क्रस | कैफियत |
|---|---|---|---|---|
| १<br>१.१<br>१.२<br>१.३<br>१.४<br>१.५ | गाई जम्मा<br>दुधालु गार्य<br>गर्भिणी गाई<br>थारा गाई<br>वहर/गोरु<br>बाछ/बाछी | १३५७४<br>१५५३<br>९७५<br>२८९३<br>६७६८<br>१३८५ | ५११९<br>१६७२<br>९२४<br>१३९१<br>१५०<br>९८२ | |
| २<br>२.१<br>२.२<br>२.३<br>२.४<br>२.५ | भैसी जम्मा<br>दुधालु भैसी<br>गर्भिणी भैसी<br>थारा<br>पाडा/पाडी<br>रागो | १७५८<br>६६५<br>६४७<br>२८९<br>१५३<br>४ | ११८९<br>२६३<br>२९५<br>३४७<br>२८१<br>३ | |
| ३<br>३.१<br>३.२<br>३.३ | बाखा जम्मा<br>वयस्क<br>पाठापाठी<br>बोका/खसी | १७०६४<br>९७५१<br>४९६३<br>२३५० | | |
| ४ | भेडा | ११८५ | | |
| ५ | कुखुरा (ब्रोइलर, स्थानीय तथा अन्य) | ७५६५ | | बाहिर जिल्ला बाट आयातित समेत |
| ६<br>६.१<br>६.२ | दूध उत्पादन ६ / दिन<br>गाई<br>भैंसी | <br>६८८१ लिटर<br>२९५८ लिटर | | |
| ७<br>७.१<br>७.२<br>७.३ | मासु उत्पादन/दिन<br>बोका / खसी / बाखी<br>सुगुर/बंगुर<br>कुखुरा बोइलर/स्थानीय तथा | <br>४३७ कि.ग्रा.<br>२५० कि.ग्रा./वार्षिक<br>५५५ कि.ग्रा. | | |

**शैल्यशिखर नगरपालिकाको परिचयः**

श्रोतनक्साः




दार्चुला जिल्लामा पर्ने शैल्यशिखर नगरपालिका एक ऐतिहासिक, राजनैतिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण गउँपालिका हो । दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकाले, साविकका शिखर गाविस, देथला गाविस, रानीशिखर गाविस, ग्वानी गाविस, बोहरीगाउँ गाविस र गोकुलेश्वर गाविस भित्र पर्ने सम्पुर्ण क्षेत्र ओगटेको छ ।

यस शैल्यशिखर नगरपालिकाको पुर्वमा मार्मा गाउँपालिका, पश्चिममा लेकम गाउँपालिका र मालिकार्जुन गाउँपालिका, उत्तरमा महाकाली नगरपालिका र नौगाड गाउँपालिका तथा दक्षिणमा बैतडी जिल्ला रहेको छ ।

यस शैल्यशिखर नगरपालिकामा पवित्र धार्मिक स्थल तथा विभिन्न देवीदेवताका मन्दिरहरु, खोलानाला, वनजंगलहरु, ढुङ्गार स्लेट, जडीबुटि, वन पैदावर, कृषि, पशुपालन, नगदेबाली लगायतका थुप्रै सम्भावना रहेका छन । यस नगरपालिका भित्र स्नातकोत्तर तहसम्मको गोकुलेश्वर बहुमुखी क्याम्पस समेत रहेको छ । त्यस्तै यस नगरपालिकामा गोकुलेश्वर विमानस्थल रहेतापनि हाल सञ्चालनमा भने रहेको छैन ।

त्यस्तै दार्चुला जिल्लाको दोस्रो ठुलो शहर गोकुलेश्वर बजार पनि यसै क्षेत्रमा रहेको छ भने चौलानी नदी समेत रहेको छ । ३० मेगावाट क्षमताका चमेलिया जलविद्युत आयोजना समेत यसै नगरपालिकाको बलाँचमा अवस्थित छ । थुप्रै सम्भावना बोकेको यस नगरपालिका आगामी दिनमा समृद्ध नगरपालिका बनाउन सकिने प्रशस्तै सम्भावना रहि आएको छ ।

**२.भौगोलिक बनावट**

| ४१ | फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७९ |
| ४२ | अपिहिमाल गाउँपालिकाको भू-उपयोग सम्बन्धी कार्यविधि, २०७९ |
| ४३ | अपिहिमाल गाउँपालिकाको शिक्षण दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९ |
| | (ङ) मापदण्डहरु: |
| १ | शिक्षा प्रोत्साहन सम्बन्धी मापदण्ड, २०७६ |
| २ | उपभोक्ता समिति परिचालन मापदण्ड, २०७६ |
| ३ | गाउँपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्गको तथा असहायलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७७ |
| ४ | अपिहिमाल गाउँपालिकाको कर्मचारी थप प्रोत्साहन सम्बन्धी मापदण्ड, २०७७ |
| | (च) आचारसंहिता |
| १ | पदाधिकारीहरुको आचारसंहिता, २०७८ |
| २ | अपिहिमाल गाउँपालिकाको कर्मचारी आचारसंहिता, २०७९ |
| ३ | अपिहिमाल गाउँपालिकाको कार्यस्थल हुने यौनजन्य दूर्व्यवहार (निवारण) आचारसंहिता, २०७९ |
| | (च) रणनीति |
| १ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहिकरण रणनीति, २०७९ |

# मार्मा गाउँपालिकाको परिचय

**श्रोत नक्सा:**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## १.१ ऐतिहासिक चिनारी तथा नमाकरण

दार्चुला जिल्लाको दक्षिण पूर्व भागमा अवस्थीत मार्मा गांउपालीका साविकका ५ वटा गा.वि.स.हरु (शेरी, तपोबन, लटीनाथ  गुल्जर (२-९) र सितोला (१- ४ र ९ ) मिलेर बनेको हो र सदरमुकाम बाट करिब १५ किमी टाढा रहेको छ । यस गपको  क्षेत्रफल २०८.०६ बर्गकिलो मिटरमा रहेको छ । यस गापको पुर्बमा बझांग, उत्तरमा अपिहिमाल गापा, पश्चिम शैल्यशिखर  र नौगाड गापा, र दक्षिणमा बैतडी जिल्ला पर्दछन । कुल ६ वटा वडामा विभाजित छ । यस मार्मा गाउँपालिकामा विभिन्न जातजातीहरु रहेका छन ।

जसमा ब्रामण ( जोशी ,पन्त, ओझा,भट्ट ), ठकुरी  (सिंह), क्षेत्री ( बिष्ट , महता , सितोली , डडाल , कोट्टारी,धामी, ठगुन्ना, भण्डारी,मन्याल, कार्की, महर र रोकाया आदी),  दलित ( टमटा, ओड, दमाइ, तिखाल, नेपाली, लुहार , कामी, वि.क. आदी ) तथा अन्य जात जातीहरु यस मार्मा  गाउपालिकामा बसोबास गर्दै अएका छन ।

१.२ राजनैतिक अवस्थिती

| वडा नम्बर | समावेश भएका साविक गाविसहरु | साविक वडा नं. | क्षेत्रफल( कि.मी.) | कैफियत |
|---|---|---|---|---|
| १ | गुल्जर गा.वि.स. | गुल्जर (२ देखि ९) | | |
| २ | लटिनाथ | लटिनाथ ( १ देखि ५) | | |
| ३ | लटिनाथ | लटिनाथ (६ देखि ९) | | |
| ४ | सितोला र तपोवन | तपोवन (१ देखि ९) सितोला ९ | | |
| ५ | सितोला | सितोला ( १ देखि ४) | | |
| ६ | शेरी | शेरी (१ देखि ९) | | |
| जम्मा | | | | |

स्थानीय तह पुर्नसंरचना अनुसार दार्चुला जिल्ला एक संसदीय विकास क्षेत्र, २ नगरपालीका, (वडा संख्या १८) ७ गाउँपालिका (वडा संख्या ४३) गरी जम्मा ६१ वडहरुमा विभाजित छ ।व्यास गाउँपालीका भारत र चीन संग सीमाना जोडिएकोछ त्यस्तै दुहुँ गाउँपालिका, महाकाली नगरपालीका, मालिकार्जुन गाउँपालिका र लेकम गाउँपालिका भारत संग सीमाना जोडिएकोछ ।

औषत तापक्रममा न्यूनतम ५.७० सेन्टीग्रेड र अधिकतम २८.६० सेन्टीग्रेड रहेको पाईन्छ ।

**१.३ धरातलीय अवस्था**

यहांको भौगोलिक बनावट भिरालो जमिन र पहाडी भु भागमा विभाजित रहेको छ । भौगोलिक विषमताको कारणले गर्दा यो क्षेत्र वनस्पति तथा वन्यजन्तुहरुको विविधताले सम्पन्न रहेको छ । अधिकांश भाग भिरालोपन, विविध प्रकारको वन क्षेत्र, घासे मैदान र पानीको स्रोतहरुले भरीपूर्ण रहेको छ । जनजातिको पराम्परागत भेषभुषा, रिती रिवाज र लोक सास्कृति पर्यटन प्रबर्धनका लागी उपयोगी छन । सडक संजाल, बिधुत, सुचना र संचारको अलवा पर्यटन पूर्बाधारको बिकास भएमा धार्मिक, कृषि, बनमा आधारित ग्रामिण पर्यटन बिकास मार्फत समग्र जिल्लाको बिकासमा टेवा पुग्ने देखिन्छ ।

**१.४ प्राकृतिक सम्पदा**

जैविक बिबिधताका दृष्टिकोणले यस क्षेत्रमा स्तानधारी बन्यजन्तुहरु को साथ साथै विभिन्न प्रजातिको घस्रिने जीवजन्तुहरु, चरा चुरिङ्गीहरु प्रशस्त संख्यामा पाइनुका साथ महत्वपूर्ण वनस्पतिहरु (सल्ला, गुराँस आदि,) लगायत मुल्यमान जडीबुटीहरु पाईन्छ । मार्मा गाउँपालिकाको कुल क्षेत्रफल २०८०० हेक्टर रहेकोछ, कुल क्षेत्रफल को करिब ७३.८ प्रतिशत (१५३३२ हे.) बन जंगलले ढाकेको छ, २४.७५ प्रतिशत ( ५१४५ हे.) क्षेत्रफल कृषि तथा आवादि क्षेत्रले ओगटेको छ भने बाँकि ३०० हेक्टर अन्य क्षेत्रले ओगटेको छ प्राकृतिक सम्पदाका हिसाबले वन क्षेत्र प्रमुख श्रोत रहेको छ ।

यो क्षेत्र समुन्द्री सतह देखि ९०० मीटर देखि ४८०० मीटर सम्मको उचाईमा फैलिएर रहेको छ, भू बनोटको विविधताले गर्दा यस क्षेत्रको हावापानीमा पनि विविधता भएको पाइन्छ र कम उचाई भएका बेशी, टार, नदि किनारका खोंचहरुमा उपउष्ण हावापानी छ भने उच्च पहाडी क्षेत्र मा समशीतोष्ण हावापानी पाइन्छ । हावापानी र भौगोलिक बनोटको विविधताको कारणले मार्मा क्षेत्र जैविक बिबिधतामा पनि सम्पन्न रहेको छ यस क्षेत्रका मूख्य प्रकिर्तिक श्रोतहरु निम्न अनुसार छ ।

**वन जंगल**

यस गापाको कुल क्षेत्रफलको ७३.८ प्रतिशत (१५३३२ हे.) बन जंगलले ढाकेको छ जस मध्ये १६.५९ प्रतिशत

२५४४ हेक्टर बन सामुदयिक वनको रुपमा स्थानिय समूदायलाई हस्तान्तरण गरिएको छ, जस्सको व्यबस्थापन १४ वटा सामुदयिक बन उपभोक्ता समुहहरुले गरिराखेका छन् र २०३८ घरपरिवार यसमा आबद्ध छन् । यस गाउँपालिकामा रहेको जंगलमा कोणधारी जंगल, चौडापाते जंगल, झाडी बुट्यान र घाँसे मैदान रहेका छन् ।

**जलस्रोत**

यस मार्मा गाउँपालिकाको बनावट भिरालो जमिन , समथर जमिन , उच्चा डाँडाहरु तथा विभिन्न पानीका मुहानहरु पनि रहेका छन । जस्तै चौलानी नदी , पारीबगरमा नौगाड खोला, घट्टेगाड खोला , तपोबन मर्मतीमा मेलेगाड खोला , शेरी मा रहेको कचुलीगाड खोला ,च्युरानीको दोगाडा खोला आदि पानीका श्रोतहरु रहेका छन । जल विद्युत उत्पादन, सिँचाई, लघु जलबिद्युत, खानेपानीमा यी स्रोतहरुको उपयोग बढाऊन सकेमा यस क्षेत्रको बिकासमा टेवा पुग्ने देखिन्छ ।

**खेती योग्य जमिन**

यस गापाको करिब २४.७५ प्रतिशत क्षेत्रफल (५१४५ हेक्टर )कृषि क्षेत्रले ओगटेको छ, पहाडी भू बनोट ले गर्दा अधिकांस जमिन भिरालो छ । यहाको मुख्य बाली मकै, फापर, गहु, हुन् भने समथर जमिन, बेशी मा केहि धन खेती पनि हुन्छ प्रायाप्त सिँचाईको ब्यबस्था नहुनु, किसानका लागी समयमा उन्नत मल बिउ को व्यवस्था हुन्नसक्नु, र परम्परगत खेती प्रणालीमा आधुनिकिकरण हुन नसक्दा प्रति हेक्टर उत्पादन न्यून छ ।

**खानी**

यस क्षेत्रमा तामा, फलाम, चुन ढुँगा, र शिलाजित जस्ता खानीजन्य पदार्थको सम्भावना रहेको छ,, तर खानीजन्य पदार्धको बिस्तृत सुर्बेक्षण र उत्खननका प्रयास नभएकाले उपलब्ध परिमाण एकिन हुन सकेको छैन ।

**१.६ साँस्कृतिक उत्कृष्टता**

खस आर्य समुदायको बाहुल्य रहेको यस क्षेत्रको पराम्परागत भेषभुषा, रिती रिवाज र लोक सास्कृति पर्यटन प्रबर्धनका लागी उपयोगी छन । सडक संजाल, बिधुत, सुचना र संचारको अलवा पर्यटन पूर्वाधारको बिकस भएमा धार्मिक, कृषि, बनमा आधारित ग्रामिण पर्यटन बिकास मार्फत समग्र गाउँपालिका को बिकासमा टेवा पुग्ने देखिन्छ ।

यस मार्मा गाउँपालिकामा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरु पनि रहेका छन । जस मध्ये मार्मा गाउँपालिकाको सबै भन्दा अग्लो स्थानमा रहेको परमचुली धाम पनि एक हो । यस्तै दार्चुला जिल्लाकै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल तपोबन तातोपानी, लटीनाथ बाबाको मन्दिर (तलाईमाण्डौ) लटीनाथ, मटेलाको मस्टा मन्दिर ,शेरीको क्वाकट्टे मन्दिर, गुल्जरको दुर्गाभवानी मन्दिर जस्ता थुप्रै धार्मीक तथा पर्यटकीय ठाउँहरु पनि यस मार्मा गाउपालिका भित्र रहेका छन ।

भोगौलिक हिसाबले विकट रहे पनि यो मार्मा गाउँपालिका प्राकृतिक रुपमा एकदमै सुन्दर र रमणीय ठाउँ रहेको छ । यहाँको प्राकृतिक सुन्दरता पर्यटकहरुलाई स्वागत गर्र्न प्रतिक्षारत छ तर आबस्यक पुर्बधर र प्रचार प्रसार को कमीले हालसम्म पर्यटक उलेखनीय रुपमा आएको पाइदैन । यहांको मौलिक संस्कृति र विभिन्न नाचगानहरु जस्तै देउडा र जीवनपद्दति पनि पर्यटनको लागी आकर्षण हुन सक्छन्।

**१.७ बिकासको सम्भावना**

हिमाली जिल्ला भएकोले भिरालो जमीनमा जडिबुटी तथा बनस्पती खेतीको प्रचुर संभावना रहेको छ । व्यवस्थित रुपमा जडीवुटीको व्यवस्थापन तथा प्रशोधन गर्ने सके यस गाउँपालिकाको आय आर्जन गर्ने एक प्रमुख श्रोत बन्न सक्छ । स-साना जलविद्युतका आयोजनाहरुको पनि प्रचुर सम्भावना देखिन्छ । जसले गर्दा विद्युतमा आधारित कुटिर उद्योगहरु सञ्चालन गर्न सकिने देखिन्छ ।

मार्मा गाउँपालिकाबाट स्वीकृत ऐन, कार्यविधि तथा नियमावली, निर्देशिकाहरु

| सि.नं. | **ऐन, कार्यविधि तथा नियमावली, निर्देशिकाहरु** |
|---|---|
| १ | मार्मा गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ |
| २ | मार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यविभाजन नियमावली, २०७४ |
| ३ | मार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्य सम्पादन नियमावली, २०७४ |
| ४ | मार्मा गाउँपालिका गाउँ कार्यपालिकाको बैठक संचालन सम्वन्धी कार्यविधि, २०७४ |
| ५ | मार्मा गाउँपालिका गाउँसभा संचालन कार्यविधि, २०७४ |
| ६ | मार्मा गाउँपालिका पदाधिकारीहरुको आचार संहिता, २०७४ |
| ७ | मार्मा गाउँपालिका आर्थिक ऐन, २०७४ |
| ८ | मार्मा गाउँपालिका विनियोजन ऐन, २०७४ |
| ९ | मार्मा गाउँपालिका बैठक भत्ता, भ्रमण खर्च तथा अन्य सुविधा सम्वन्धि कार्यविधि, २०७४ |
| १० | मार्मा गाउँपालिका योजना संचालन कार्यविधि, २०७४ |
| ११ | मार्मा गाउँपालिका कर्मचारी छनौट तथा सिफारिस कार्यविधि, २०७४ |
| १२ | मार्मा गाउँपालिका आर्थिक सहायता कार्यविधि, २०७४ |
| १३ | मार्मा गाउँपालिका विपद  व्यवस्थापन कोष संचालन कार्यविधि, २०७४ |
| १४ | मार्मा गाउँपालिका न्यायिक समिति गठन तथा संचालन सम्वन्धि कार्यविधि, २०७४ |
| १५ | मार्मा गाउँपालिका एम्वुलेन्स संचालन कर्यविधि निर्देशिका, २०७५ |
| १६ | मार्मा गाउँपालिका एक्साभेटर सञ्चालन कार्यविधि, २०७५ |
| १७ | मार्मा गाउँपालिका सामुदायिक स्वास्थ्य केन्द्र ईकाई संचालन ( कार्यविधि) निर्देशिका, २०७५ |
| १८ | मार्मा गाउँपालिका योजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सि) खर्च सम्वन्धि संक्षिप्त कर्यविधि, २०७५ |
| १९ | मार्मा गाउँपालिका विनियोजन ऐन, २०७५ |
| २० | मार्मा गाउँपालिका आर्थिक ऐन, २०७५ |
| २१ | मार्मा गाउँपालिका सहकारी ऐन, २०७५ |
| २२ | मार्मा गाउँपालिका 'घ' बर्गको निर्माण व्यवसायी कार्यविधि, २०७५ |
| २३ | मार्मा गाउँपालिका करार कर्मचारी भर्ना तथा छनौट कार्यविधि, २०७५ |
| २४ | मार्मा गाउँपालिका शैक्षिक क्षेत्र सुधार कार्यविधि, २०७५ |
| २५ | मार्मा गाउँपालिका राजश्व संकलन तथा व्यवस्थापन कार्यविधि, २०७५ |
| २६ | मार्मा गाउँपालिका राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, २०७५ |

| | |
|---|---|
| २७ | जलस्रोतको सम्बन्धमा व्यवस्थापन गर्न बनेको नियमावली २०७६ |
| २८ | खानेपानी योजना संचालन तथा मर्मत संभार व्यवस्थापन निर्देशिका २०७६ |
| २९ | मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका २०७६ |
| ३० | विनियोजन ऐन २०७७ |
| ३१ | आर्थिक ऐन २०७७ |
| ३२ | शिक्षा नियमावली २०७७ |
| ३३ | शिक्षा ऐन २०७७ |
| ३४ | स्थानीय तहमा स्वास्थ्य संस्था सेवा स्तरोन्नती कार्यविधि २०७७ |
| ३५ | मार्मा गाउँपालिका खेलकुद विकास ऐन २०७६ |
| ३६ | मार्मा गाउँपालिका संस्था दर्ता ऐन २०७६ |
| ३७ | मार्मा गाउँपालिका जलस्रोत ऐन २०७६ |
| ३८ | आर्थिक ऐन २०७६ |
| ३९ | विनियोजन ऐन २०७६ |
| ४० | मार्मा गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ |
| ४१ | मार्मा गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ |
| ४२ | मार्मा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ |
| ४३ | मार्मा गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ |
| ४४ | विनियोजन ऐन २०७८ |
| ४५ | आर्थिक ऐन २०७८ |
| ४६ | विपद ब्यबस्थापन ऐन २०७८ |
| ४७ | छात्रवृति व्यवस्थापन निर्देशिका २०७८ |
| ४८ | विनियोजन ऐन २०७९ |
| ४९ | आर्थिक ऐन २०७९ |
| ५० | विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि २०७९ |
| ५१ | स्थानीय तहमा पोषणको लेखाजोखा तथा कुपोषणको व्यवस्थापन कार्यविधि २०७९ |
| ५२ | उर्जा विकास उप समिति गठन तथा संचालन कार्यविधि २०७९ |
| ५३ | विपद्  कोष व्यवस्थापन व्यवस्थापन कार्यविधि २०७९ |
| ५४ | कार्यस्थलमा हुने  यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता २०८० |
| ५५ | विनियोजन ऐन २०८० |
| ५६ | आर्थिक ऐन २०८० |

## दुहुँ गाउँपालिकाको परिचयः

श्रोत नक्सा :




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

नेपालको संविधान (२०७२) ले संघिय राज्यको निर्माणका साथै तीन तहको राज्य प्रणालीको  व्यवस्था गरे अनुरुप दार्चुला जिल्लामा रहेका ९ स्थानीय तहहरु मध्ये दुहुँ गाउँपालिका जिल्लाको  उत्तरी भेगमा अवस्थित एक सुन्दर र प्राकृतिक श्रोतले सम्पन्न गाउँपालिका हो ।यस गाउँपालिका  साविकका ४ गाउँ विकास समितिहरु(पिपलचौरी, हिकिला, धारी र ब्रहमदेव) मिलेर वनेको छ । यस  गाउँपालिको क्षेत्रफल ६५.३५ वर्ग कि.मि. रहेको छ । यस गाउँपालिकालाई  भौगोलिक अवस्था र जनसंख्याको अनुपात अनुसार ५ वटा वडामा विभाजन गरिएको छ भने  गाउँपालिकाको केन्द्र वडा नं २, हिकिलामा रहेको छ । हिन्दु धर्मावलम्वीको बाहुल्यता रहेको यस  गाउँपालिकामा बाहुन, क्षेत्रि, ठकुरी, दलित तथा अल्पसंख्यक समुदायको बसोवास रहेको छ ।

### भौगोलिक बनावट

समावेश भएका साविकका गाविसहरु :अपि नगरपालिका १-३, हिकिला, पिपलचौरी र धारी  जनसंख्या १३ हजार २ सय ३३

क्षेत्रफल ६५.३५ वर्गकिलोमिटर | घरधुरी २२८७
केन्द्र साविकको हिकिला गाविस कार्यालय | वडा संख्या ५
पूर्व नौगाड गाउँपालिका | पश्चिम भारतको सिमाना
उत्तरमा व्याँस गाउँपालिका | दक्षिणमा महाकाली नगरपालिका

| वडा नं. | समावेश भएका साविक गा.वि.स/न.पा..हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | पिपलचौरी गा.वि.स | १-९ | |
| २ | हिकिला गा.वि.स | १-९ | |
| ३ | अपि नगरपालिका | १ -३ | |
| ४ | धारी गा.वि.स | १ -५ | |
| ५ | धारी गा.वि.स | ६-९ | |

## विद्यालयको विवरण

| सि.न. | विद्यालयकोनाम | संचालितकक्षा | विद्यालयको किसिम |
|---|---|---|---|
| १ | जनविकासमा.वि बारबाँज | १देखि १२ | सामुदायिक |
| २ | पिपलचौरीमा.वि विण | १देखि१० | सामुदायिक |
| ३ | सोविधारआ.वि सौतोली | १देखि ५ | सामुदायिक |
| ४ | धारीपाटामा.वि धारी | १देखि१० | सामुदायिक |
| ५ | गणेश मा.विसिमली | १देखि१० | सामुदायिक |
| ६ | गौरीमाण्डौमा.वि हिकिला | १देखि१२ | सामुदायिक |
| ७ | दुर्गाआ.वि गरमौरा | १देखि५ | सामुदायिक |
| ८ | सोमनाथआ.वि सुत्खोला | १देखि८ | सामुदायिक |
| ९ | टुडिखेलआ.वि खर्रा | १देखि५ | सामुदायिक |
| १० | दहधार आ.विगुना | १देखि५ | सामुदायिक |
| ११ | भुमिराजआ.वि कम्दा | १देखि८ | सामुदायिक |
| १२ | भवानी आ.विभगनाडी | १देखि५ | सामुदायिक |
| १३ | महादेवआ.वि फारा | १देखि५ | सामुदायिक |
| १४ | दुर्गास्थानआ.वि खेति | १देखि५ | सामुदायिक |
| १५ | भगवती आ.विपोक्से | १देखि५ | सामुदायिक |
| १६ | हुनैनाथआ.वि वास्पाली | १देखि५ | सामुदायिक |
| १७ | मष्टकेदारआ.वि गौंकुल | १देखि५ | सामुदायिक |
| १८ | ब्रम आ.विपासु | १देखि५ | सामुदायिक |
| १९ | लटिनाथआ.वि बोहरी गाउँ | १देखि५ | सामुदायिक |
| २० | रेनिस्पेक्ट्रम बोर्डिङ स्कुल दुहुँ २ हिकिला | १देखि५ | संस्थागत |

## वडा अनुसारा घरधुरी

| वडा | घरपरिवार | जम्मा |
|---|---|---|
| १ | ४४७ | २६१५ |
| २ | ६०९ | ३४५४ |
| ३ | ४६७ | २५०८ |
| ४ | ४२२ | २५६४ |
| ५ | ३९६ | २३२४ |
| जम्मा | २३४१ | १३४६५ |

**स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरुको विवरण :**

| | क्र.स. चाडपर्व | मनाईने महिना | मनाउने जातजाती |
|---|---|---|---|
| १ | विसु तथा नयाँ बर्ष | बैसाख महिना | स्थानीय सबै |
| २ | असार पन्ध्र | असार महिना | स्थानीय सबै |
| ३ | नागपञ्चमी | श्रावण महिना | स्थानीय सबै |
| ४ | रक्षाबन्धन | भाद्र महिना | स्थानीय सबै |
| ५ | गौरा पर्व | भदौं महिना | स्थानीय सबै |
| ६ | तृतीया, तीज | भदौं महिना | स्थानीय सबै |
| ७ | कृष्ण जर्माष्टमी | भदौं महिना | स्थानीय सबै |
| ८ | विजया दशमी तथा दशैं | असोज महिना | स्थानीय सबै |
| ९ | तिहार (दिपावली) | कार्तिक महिना | स्थानीय सबै |
| १० | पुष पन्ध्र | पौष महिना | स्थानीय सबै |
| ११ | माघेसंक्रान्ति | माघ महिना | स्थानीय सबै |
| १२ | शिवरात्री | फागुन महिना | स्थानीय सबै |
| १३ | विसो नरहरी | चैत्र / श्रावण महिना | स्थानीय सबै |
| १४ | होली पर्व | फागुन /चैत महिना | स्थानीय सबै |

पर्यटकीय स्थलहरुको विवरण (धार्मिक/ऐतिहासिक/पुरातात्विक) :

| क्र. स. | पर्यटकीय स्थलहरुको नाम | स्थलको महत्व | वडा नं. | दैनिक औसतमा आउने पर्यटकहरुको संख्या |
|---|---|---|---|---|
| १ | ब्रम देवताको मन्दिर | दुहुँ क्षेत्रका सम्पुर्ण जनताले मान्ने देवता महानवमीमा जात्रा र दशैमा पुजा । | २ | पुजा आजाको बेला हजारौको संख्यामा |
| २ | मालिकार्जुन मन्दिर | शक्तिशाली देवता, सप्तमी र महाअष्ठमीमा जात्रा | १ | पुजा आजाको बेला हजारौको संख्यामा |
| ३ | श्रीबगड तातोपानी धाम | तातोपानीमा स्नान, महाशिबरात्री मेला । | दुहु -३ श्रीबगड | दैनिक ५-१० जना |
| ४ | ब्रम देवताको मन्दिर | तीन बर्णको आधारमा महाजात्रा तथा जगेनी आयोजना हुने । | दुहुँ ३ बोहरीगाउँ | पुजा आजाको बेला हजारौको संख्यामा |
| ५ | छिप्ला केदार मन्दिर | सबै तेवताहरुको पुराण र ठुली जात | दुहूँ ४ जोशीगाउँ | पुजा आजाको बेला हजारौको संख्यामा |
| ६ | दुर्गास्थान | शक्तिपीठ | दुहूँ १ सौतोली | पुजा आजाको बेला हजारौको संख्यामा |
| ७ | कोल्से | मनोकामना पुरा गर्ने | दुहुँ ४ कोल्से | पुजा आजाको बेला हजारौको संख्यामा |
| ८ | महादेब | शक्तिशाली देवता | दुहुँ ४ फारा | पुजा आजाको बेला हजारौको संख्यामा |
| ९ | सिद्धटोपी | उचाइमा रहेको मनोरम टाकुरो, घाँसे मैदान | दुहुँ २ हिकिला | – |
| १० | ब्रम दह | देवता र दानवबीच लडाइ भएको ताल । | दुहुँ २ हिकिला | – |
| ११ | पासा दह | घाँसेफाँटको बीचमा रहेको १ सय ५० मिटर लम्बाईको ताल | दुहुँ २ हिकिला | – |
| १२ | रानी कोटा | देबस्थल , श्रावण महिनामा राती नौमती बाजा बज्ने । | दुहुँ २ हिकिला | – |
| १३ | थाइसैन, काँडर | सुन्दर प्राकृतिक दृष्य, जंगली जनावर पशुपंक्षिको बासस्थान । | दुँहु २, ४,५ । | – |
| १४ | फारा दह | सुन्दर प्राकृतिक दृष्य, प्राचिन | दुहुँ ४ फारा | – |

| | | | | |
|---|---|---|---|---|
| | | दह | | |
| १५ | जैतलकोट गुफा | ३०० मिटर लामो गुफा | दुँहु ४ | – |
| १६ | भाडी गुफा | ५० मि. लामो कृतिम गुफा | दुहुँ १ | – |
| १७ | कोटहरु | पुराना सभाहलहरु | बस्कोट दम्दाकोट,मरुकोट, भुइकोट,जैतकोट, डोबालकोट | - |
| १८ | प्राचिन किल्लाहरु | फरालभाटा, भाडी | | |

**सिंचित क्षेत्रफलको विवरण**

दुहुँ गाउँपालिकामा बसोवास गर्ने अधिकांश परिवारहरुको मुख्य पेशा भनेकै कृषि हो । यस गाउँपालिकामा प्राय सबै वडाहरुमा व्यवस्थित तथा आधुनिक सिँचाई पुर्वाधारको सुविधा रहेको देखिदैन तर यहाँ बसोवास गर्ने वासिन्दाहरु तथा खोला नजिकका परिवारहरुले परम्परागत रुपमा नै पुराना कुलोकुलेसोहरुबाट सिँचाई गर्ने गरेको छन ।

यस गाउँपालिकामा खेतीयोग्य जमिन प्रशस्त भएतापनि व्यवस्थित सिँचाइको अभावमा उत्पादनमा बृद्धि हुन सकेको छैन । तसर्थ यस गाउँपालिकामा सिँचाइको सुविधाको पनि टड्कारो आवश्यकता देखिन्छ । यहाँका कृषकहरु आकाशे पानीको भरमा खेती गर्दै आएकाले समयमै खेती गर्न असहज भएको छ ।

**वन क्षेत्र/नर्सरी सम्बन्धी विवरण**

यस दुहुँ गाउँपालिकामा वन तथा प्राकृतिकक श्रोत साधन रहेतापनि अन्य सामुदायिक वन भने छैनन् । खासै घना बन जंगल तथा संरक्षित बनजंगल नहुदा अन्य जन्तु पनि छैनन ।यहाँ निजी वन जंगल मात्र भएको हुदा वन्य जन्तु चराचुरंगीहरु पनि धेरै कम रहेको अवस्था छ ।

यहाँसाना खोलाहरु वाहेक नदी, ताल र सिमसार क्षेत्रहरु छैनन । गाँउपालिकाको सबै भूभाग खेतीयोग्य जमिन, तथा निजी वन, विद्यालय, मन्दिर आदिले ओगटेका छन । गाउँपालिकामा वस्ने वासिन्दाहरु उर्जाका रुपमा बढिजसो दाउराको प्रयोग गर्दछन । प्रयाप्त मात्रामा पशुपालन भएतापनि यसले कृषि उत्पादनमा कम योगदान पुगेको छ।

**गाउँपालिका आफैले बनाएको नियमहरुको विवरण**

१. कक्षा कोठामा शिक्षक विद्यालयमा अभिभावक कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७४ २. करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५

३. कार्यविभाजन नियमावली २०७५

४. गाउँ कार्यपालिका वैठक संचालन कार्यविधि

५. गाउँ सभा संचालन कार्यविधि

६. गाउँकार्यपालिका वैठक संचालन सम्बन्धी कार्यविधि

७. गाउँपालिका (कार्यसम्पादन) नियमावली

८. दुहुँ गाउँ कार्यपालिका एक्साभेटर सञ्चालन कार्यविधि २०७५

९. दुहुँ गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५
१०. दुहुँ गाउँपालिका घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७४

११. दुहुँ गाउँपालिका न्यायिक समिति कार्यसम्पादन ऐन- २०७४

१२. दुहुँ गाउँपालिका लघु जलविद्युत व्यवस्थापन संचालन र नियमन कार्यविधि २०७५ १४. दुहुँ गाउँपालिका वडा अध्यक्ष टोल सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ १५. दुहुँ गाउँपालिका विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५

१६. दुहुँ गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता,२०७४

१७. दुहुँ गाउँपालिकाको आर्थिक ऐन २०७५

१८. दुहुँ गाउँपालिकाको बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७४

१९. दुहुँ गाउँपालिकाको सहकारी ऐन, २०७४

२०. निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण(कार्यविधि) नियमावली

२१. विनियोजन ऐन २०७५

**गाउँपालिकामा देखिएका अवसर**

यस क्षेत्रमा देहायअनुसारका अवसरका पक्षहरु रहेको देखिन्छ :

१.यस गाउँपालिकाको पशुपालनमा धेरै सम्भावना हुदा हुदै पनि हाल सम्म व्यवसायिक रुपमा उन्नत जातको पशुपालन व्यवसायको थालनी गर्दै दुग्घ विकास सहकारी जस्ता बहुआयामिक उद्योग उद्यमहरु गर्नसकेमा आम्दानीमा बृद्धि हुनको साथै रोजगारी प्रवर्द्धन गर्न सकिने ठुलो सम्भावना रहेको छ।

२.यस गाउँपालिकाका सवै वडाहरुमा उर्वर खेतीयोग्य जग्गा भएको कारण अन्नवाली तथा नगदेवालीको यावसायिक खेती गर्न सकिने अवसर छ।

३.यहाँ मौसमी वेमौसमी तरकारी खेती वा नगदेवाली उत्पादन गर्न सक्ने अवसर छ।

४.घाँस, ढाँलेघाँस, इत्यादिको राम्रो उत्पादन हुन सक्ने भएकोले व्यावसायिक पशुपालन गरी दुग्ध मासु उत्पादन गर्न सकिने अवसर छ।

५.सडक सञ्जाल विस्तार भैरहेकाले गाउँ शहर अन्तरसंम्वन्ध सुदृढ हुदैजाने अवसर छ।

६.तराई तिरका ठूल्ठूला वजारहरुसंग तथा भारतीय सिमानासँग यातायात सञ्जाल बिस्तार भएकाले उत्पादित कृषि उपजहरु तत्कालै वजारसम्म पुऱ्याउन सकिने।

७.गाउँपालिकाभित्र विभिन्न संघसंस्थाहरु भएकोले यी संस्थाहरुको माध्यमबाट वचत तथा ऋण परिचालन र पूँजी एकत्रित गरी उद्यम व्यवसायमा लगानी गर्न सकिने अवसर छ।

८.सतहको पानीलाई व्यवस्थित र बैज्ञानिक किसिमले लिफ्टीङ्ग गरी कुलाहरु बिस्तार गर्न दुरी, क्षेत्रफल, उपयुक्त संभावनाको अध्ययन गरी प्लाष्टिक पोखरी र स्प्रिङ्कलको माध्यमबाट सिंचाई क्षेत्र विस्तार गरी न्चभभलजयगकभ मा तरकारी खेती गर्न सकिने संभावना छ ।

९.प्राकृतिक स्रोत साधनको रुपमा प्राप्त ढुङ्गा, वालुवा, रोडा, माटो इत्यादि वातावरण संरक्षण एवम् नियमको प्रतिकुल नहुने गरी नियमानुसार विक्री वितरण गर्न तथा स्थानीय विकास निर्माण कार्यमा उपयोग गर्न सकिने अवसर छ ।

१०.धार्मिक-सांस्कृतिक पर्यटन, साहसिक पर्यटन, खेलपर्यटन, र पर्यापर्यटनको विकासका प्रचुर अवसरहरु छन्।

**गाउँपालिकामा रहेका चुनौतीहरु**

यस क्षेत्रमा देहाय अनुसारका चुनैतीका पक्षहरु रहेको देखिन्छ :

१.यस क्षेत्रमा फलफुल एव्म तरकारी उत्पादनको राम्रो सम्भावना रहेता पनि यातायात र बजार मूल्यको अभाव, कृषि प्रविधि र दक्ष जनशक्तिको कमी, सरकारी लगानीमा एकरुपता नभएकोले व्यवसायिक रुपमा फलफूल एंव तरकारी खेती विस्तार हुन कठिनाई छ ।

२.यस गाउँपालिकाका भौगालिक वनोट र अवस्थितिका सन्दर्भमा कतिपय भेगमा विकटता, जटिलता र केही अप्ठेरोपनको स्थिति रहनु ।

३.गाउँपालिका क्षेत्रमा उत्पादित दक्ष, बौद्धिक जनशक्ति आर्थिक सुदृढिकरण र थप अवसरको लागि वाहिरिनु ।

४.विकासात्मक कार्य, उद्यम, व्यापारमा स्थानीय निजी क्षेत्रको लगानी वा पुँजी परिचालनमा अति न्यूनता रहनु ।

५.पर्यावरणीय विकास, जलवायु परिवर्तन, आधुनिक ज्ञान र प्रविधिको बारेमा धेरै हदसम्म अनभिज्ञता रहनु ।

६.विकासका उपलब्धिहरुको जगेर्नामा न्यूनता रहनु ।

७.छरिएर रहेका योजनाविहिन परम्परागत बस्तीहरु रहनु ।

८.कृषि व्यवसाय, पशुपालन व्यवसायमा देखा पर्ने रोग, ब्याक्टेरिया, महामारी किराको प्रकोपबारे जानकारीको अभाव रहनु ।

९.वातावरण संरक्षणको र दुरदृष्टिलाई ख्याल नगरी सडक र ताल निर्माण जस्तो योजना सञ्चालन गर्नु ।

१०.वैदेशिक रोजगारबाट भित्रिएको रेमिटेन्स रकम, स्थानीय नोकरी, पेन्सन, कृषि तथा पशुपालनबाट प्राप्त भएको नगद रकम गाउँ विकास क्षेत्रमा उद्यम ब्यापार, कलकारखाना स्वरोजागर इत्यादिमा लगानी नर्गनु र त्यो रकम गाउँपालिका क्षेत्र वाहिर लगी घरघडेरीमा लगानी गर्नु अर्थात मौद्रिक तरलताका साथ स्थानीय क्षेत्रमा लगानी गरी मुनाफा आर्जन र स्वरोजगार सिर्जना गर्न लगानी नगर्नु ।

# मालिकार्जुन गाउँपालिकाको परिचय

**श्रोत नक्सा :**




दार्चुला जिल्लामा पर्ने मालिकार्जुन गाउँपालिका एक ऐतिहासिक, राजनैतिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण गउँपालिका हो । दार्चुला जिल्लाको मालिकार्जुन गाउँपालिकाले, साविकका मालिकार्जुन गा.वि.स , डाडाकोट गा.वि.स ,उकु गा.वि.स , भगवती गा.वि.स, हुनैनाथ गा.वि.स र शंकरपुर गा.वि.स भित्र पर्ने सम्पुर्ण क्षेत्र ओगटेको छ ।

यस मालिकार्जुन गाउँपालिकाको पुर्वमा शैल्यशिखर नगरपालिका, पश्चिममा पवित्र माहाकाली नदि (भारत सिमाना), उत्तरमा महाकाली नगरपालिका र दक्षिणमा लेकम गाउँपालिका र केहि भाग शैल्यशिखर नगरपालिकाको रहेको छ । यस मालिकार्जुन गाउँपालिकामा पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपुर्ण नेपालकै सातौ धाम मालिकार्जुन,विभिन्न देवीदेवताका मन्दिरहरु, खोलानाला, वनजंगलहरु, ढुङ्गार स्लेट,जडीबुटि,वन पैदावर,कृषि,पशुपालन,नगदेबाली लगायतका थुप्रै सम्भावना रहेका छन ।

भौगोलिक बनावट

**समावेश भएका गाविसहरु :** भगवती, मालिकार्जुन, हुनैनाथ, डाँडाकोट, उकु र शंकरपुर

| | |
|---|---|
| **जनसंख्या** | २० हजार १ सय ३३ |
| **क्षेत्रफल** | १००.८२ वर्गकिलोमिटर |
| **घरधुरी** | ३२९५ |
| **केन्द्र** | साविकको शंकरपुर गाविस कार्यालय |
| **वडा संख्या** | ८ |
| **पूर्व** | शैल्यशिखर नगरपालिका |
| **पश्चिम** | भारतको सिमाना |
| **उत्तरमा** | महाकाली नगरपालिका |
| **दक्षिणमा** | लेकम गाउँपालिका |

**वडा विभाजन**

| वडा नं | समावेश भएका साविक गा.वि.स./न.पा.हरु | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | भगवती | १-३ | |
| २ | भगवती | ४-९ | |
| ३ | मालिकार्जुन | १-९ | |
| ४ | हुनैनाथ | १-९ | |
| ५ | डाँडाकोट | १-९ | |
| ६ | उकु | १-४,८ | |
| ७ | उकु | ५-७,९ | |
| ८ | शंकरपुर | १-९ | |

**स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरुको विवरण :**

| क.स. | चाडपर्व | मनाईने महिना |
|---|---|---|
| १ | विसु तथा नयाँ बर्ष | बैसाख महिना |
| २ | असार पन्ध्र | असार महिना |
| ३ | नागपञ्चमी | श्रावण महिना |
| ४ | रक्षाबन्धन | भाद्र महिना |
| ५ | गौरा पर्व | भदौं महिना |
| ६ | तृतीया, तीज | भदौं महिना |
| ७ | कृष्ण जर्माष्टमी | भदौं महिना |
| ८ | बारह बर्ष किरजी मेला | असोज |
| ९ | विजया दशमी तथा दशैं | असोज महिना |
| १० | तिहार (दिपावली) | कार्तिक महिना |
| ११ | धवला | गुरु पूर्णिमा |
| १२ | पुष पन्ध्र | पौष महिना |
| १३ | माघेसंक्रान्ति | माघ महिना |
| १४ | शिवरात्री | फागुन महिना |
| १५ | विसो नरहरी | चैत्र / श्रावण महिना |
| १६ | होली पर्व | फागुन /चैत महिना |
| १७ | घोडा जात्रा | गुरु पूर्णिमा |
| १८ | बडानी / व्यार्सिकी | जनै पूर्णिमा |
| १९ | लौसार | फागुन |
| २० | जौलजिबी मेला | मंसिर |

*श्रोत : स्थानीय बुद्धिजीवीहरुबाट*

पर्यटकीय स्थलहरुको विवरण (धार्मिक/ऐतिहासिक/पुरातात्विक) :

| क.स. | पर्यटकीय स्थलहरुको नाम | स्थलको महत्व | वडा नं. | दैनिक औसतमा आउने पर्यटकहरुको संख्या |
|---|---|---|---|---|
| १ | शैल्य शिखर धाम | धार्मिक महत्व | ०३ | वर्षमा २ दिन जात्रा लाग्ने, हजारौको संख्यामा दर्शनार्थीहरु आउने |
| २ | मालिकार्जुन मन्दिर | धार्मिक महत्व | ०३ | पूजाको बेला बाहेक दैनिक ५-७ जना |
| ३ | श्री उकू महल भग्नावशेष | ऐतिहासिक तथा पुरातात्विक महत्व | ०७ | ५-७ जना (विद्यार्थीहरु बढी आउने गरेको) |
| ४ | हुनैनाथ मन्दिर | धार्मिक महत्व | ०४ | पुजा आजाको बेला दर्शनार्थीहरुको घुईचो लाग्ने । |
| ५ | शिराड भगवती | धार्मिक महत्व | ०२ | पुजा आजाको बेला मात्रै |
| ६ | न्वालपानी दमौरा पर्यटन क्षेत्र | धार्मिक महत्व | ०२ | गाउँपालिकाको मुख्य प्राथमिकतामाा रहेको |
| ७ | लटिनाथ मन्दिर | धार्मिक महत्व | ०३ | पुजा आजाको बेला |
| ८ | तमैराज मन्दिर | धार्मिक महत्व | ०५ | पुजा आजाको बेला |
| ९ | गौरी आमा मन्दिर | धार्मिक महत्व | ०८ | पुजा आजाको बेला |
| १० | मानई भगवती मन्दिर | धार्मिक महत्व | ०२ | ४-५ जना |

वर्तमान भू-उपयोग सम्बन्धी विवरण

| क.स. | विवरण | गाउँपालिका | |
|---|---|---|---|
| | | क्षेत्रफल (वर्ग कि. मि.) | प्रतिशत |
| १ | कृषि क्षेत्र | १०९ वर्ग किलोमिटर | १३ प्रतिशत |
| २ | वन तथा चरन क्षेत्र | ६५४ वर्ग किलोमिटर | ७८ प्रतिशत |
| ३ | आवास क्षेत्र | १६.७८ वर्ग किलोमिटर | २ प्रतिशत |
| ४ | नदिनालाले ओगटेको क्षेत्र | ०.८३ वर्ग किलोमिटर | ०.१ प्रतिशत |
| ५ | ताल तलैया | | |
| ६ | सिमसार क्षेत्र | | |
| ७ | औद्योगिक क्षेत्र | | |
| ८ | सडकले ओगटेको क्षेत्र | | |
| ९ | अन्य | ५९ वर्ग किलोमिटर | ६.९९ प्रतिशत |
| **जम्मा** | | ८३९.२६ वर्ग किलोमिटर | **१०० प्रतिशत** |

**सिंचित क्षेत्रफलको विवरण**

मलिकार्जुन गाउँपालिकामा बसोवास गर्ने अधिकांश परिवारहरुको मुख्य पेशा भनेकै कृषि हो । यस गाउँपालिकामा प्राय सबै वडाहरुमा व्यवस्थित तथा आधुनिक सिँचाई पुर्वाधारको सुविधा रहेको देखिदैन तर यहाँ बसोवास गर्ने वासिन्दाहरु तथा खोला नजिकका परिवारहरुले परम्परागत रुपमा नै पुराना कुलोकुलेसोहरुबाट सिँचाई गर्ने गरेको छन । यस गाउँपालिकामा खेतीयोग्य जमिन प्रशस्त भएतापनि व्यवस्थित सिँचाइको अभावमा उत्पादनमा बृद्धि हुन सकेको छैन । तसर्थ यस गाउँपालिकामा सिँचाइको सुविधाको पनि टड्कारो आवश्यकता देखिन्छ । यहाँका कृषकहरु आकाशे पानीको भरमा खेती गर्दै आएकाले समयमै खेती गर्न असहज भएको छ ।

**वन क्षेत्र/नर्सरी सम्बन्धी विवरण**

यस मलिकार्जुन गाउँपालिकामा वन तथा प्राकृतिकक श्रोत साधन रहेतापनि अन्य सामुदायिक वन भने छैनन । खासै घना बन जंगल तथा संरक्षित बनजंगल नहुदा अन्य जन्तु पनि छैनन । यहाँ निजी वन जंगल मात्र भएको हुदा वन्य जन्तु चराचुरंगीहरु पनि धेरै कम रहेको अवस्था छ । यहाँ साना खोलाहरु वाहेक नदी, ताल र सिमसार क्षेत्रहरु छैनन । गाँउपालिकाको सबै भूभाग  खेतीयोग्य जमिन, तथा निजी वन, विद्यालय, मन्दिर आदिले ओगटेका छन । गाउँपालिकामा वस्ने वासिन्दाहरु उर्जाका रुपमा बढिजसो दाउराको प्रयोग गर्दछन । प्रयाप्त मात्रामा पशुपालन भएतापनि यसले कृषि उत्पादनमा कम योगदान पुगेको छ ।

| क्र.स. | विवरण | क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक वन | १६३५.६३ | |
| २ | कबुलियती वन | छैन | |
| ३ | धार्मिक वन | छैन | |
| ४ | सरकारी संरक्षित वन | छैन | |
| ५ | अन्य | छैन | |
| ६ | जम्मा | १६३५.६३ | |

**गाउँपालिका आफैले बनाएको नियमहरुको विवरण**

१. मालिकार्जुन गाउँपालिका कार्यपालिका का (कार्य विभाजन) नियमावली - २०७४ ।

२. मालिकार्जुन गाउँपालिका गाउँसभा संचालन कार्यविधि - २०७४ ।

३. मालिकार्जुन गाउँपालिका कार्यसम्पादन नियमावली - २०७४ ।

४.मालिकार्जुन गाउँपालिका निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४ गर्ने ।

५. मालिकार्जुन गाउँपालिका बैठक संचालन कार्यविधि - २०७४ ।

६. मालिकार्जुन गाउँपालिका गाउँसभा संचालन कार्यविधि - २०७४ ।

७. मालिकार्जुन गाउँपालिका पदाधिकारीहरुको आचारसंहिता - २०७४ ।

८. मालिकार्जुन गाउँपालिका योजना संचालन कार्यविधि - २०७४ ।

९.मालिकार्जुन गाउँपालिका स्काभेटर संचालन कार्यविधि - २०७५ ।

१०. मालिकार्जुन गाउँपालिका विपद् व्यवस्थापन कोष तथा आर्थिक सहामता कोष संचालन कार्यविधि - २०७५ ।

११. मालिकार्जून गाउँपालिका आर्थिक ऐन -२०७५

**गाउँपालिकामा देखिएका अवसरः**

**यस क्षेत्रमा देहायअनुसारका अवसरका पक्षहरु रहेको देखिन्छ :**

- यस गाउँपालिकाको पशुपालनमा धेरै सम्भावना हुदा हुदै पनि हाल सम्म व्यवसायिक रुपमा उन्नत जातको पशुपालन व्यवसायको थालनी गर्दै दुग्ध विकास सहकारी जस्ता बहुआयामिक उद्योग उद्यामहरु गर्नसकेमा आम्दानीमा बृद्धि हुनको साथै रोजगारी प्रवर्द्धन गर्न सकिने ठुलो सम्भावना रहेको छ ।यस गाउँपालिकाका सवै वडाहरुमा उर्वर खेतीयोग्य जग्गा भएको कारण अन्नवाली तथा नगदेवालीको व्यावसायिक खेती गर्न सकिने अवसर छ ।
- यहाँ मौसमी वेमौसमी तरकारी खेती वा नगदेवाली उत्पादन गर्न सक्ने अवसर छ ।
- घाँस, ढाँलेघाँस, इत्यादिको राम्रो उत्पादन हुन सक्ने भएकोले ब्यावसायिक पशुपालन गरी दुग्ध मासु उत्पादन गर्न सकिने अवसर छ ।
- सडक सञ्जाल विस्तार भैरहेकाले गाउँ शहर अन्तरसंम्वन्ध सुदृढ हुदैजाने अवसर छ ।
- तराई तिरका ठूल्ठूला वजारहरुसंग तथा भारतीय सिमानासँग यातायात सञ्जाल बिस्तार भएकाले उत्पादित कृषि उपजहरु तत्कालै वजारसम्म पुऱ्याउन सकिने ।
- गाउँपालिकाभित्र विभिन्न संघसंस्थाहरु भएकोले यी संस्थाहरुको माध्यमबाट वचत तथा ऋण परिचालन र पूँजी एकत्रित गरी उद्यम व्यवसायमा लगानी गर्न सकिने अवसर छ ।
- सतहको पानीलाई ब्यवस्थित र बैज्ञानिक किसिमले लिफ्टीङ्ग गरी कुलाहरु बिस्तार गर्न दुरी, क्षेत्रफल, उपयुक्त संभावनाको अध्ययन गरी प्लाष्टिक पोखरी र स्प्रिङ्कलको माध्यमबाट सिंचाई क्षेत्र विस्तार गरी Greenhouse मा तरकारी खेती गर्न सकिने संभावना छ ।
- प्राकृतिक स्रोत साधनको रुपमा प्राप्त ढुङ्गा, वालुवा, रोडा, माटो इत्यादि वातावरण संरक्षण एवम् नियमको प्रतिकुल नहुने गरी नियमानुसार विक्री वितरण गर्न तथा स्थानीय विकास निर्माण कार्यमा उपयोग गर्न सकिने अवसर छ ।
- धार्मिक-सांस्कृतिक पर्यटन, साहसिक पर्यटन, खेलपर्यटन, र पर्यापर्यटनको विकासका प्रचुर अवसरहरु छन् ।

**गाउँपालिकामा रहेका चुनौतीहरु**

**यस क्षेत्रमा देहाय अनुसारका चुनैतीका पक्षहरु रहेको देखिन्छ :**

- यस क्षेत्रमा फलफुल एव्म तरकारी उत्पादनको राम्रो सम्भावना रहेता पनि यातायात र बजार मूल्यको अभाव, कृषि प्रविधि र दक्ष जनशक्तिको कमी, सरकारी लगानीमा एकरुपता नभएकोले व्यवसायिक रुपमा फलफूल एंव तरकारी खेती विस्तार हुन कठिनाई छ ।
- यस गाउँपालिकाका भौगालिक वनोट र अवस्थितिका सन्दर्भमा कतिपय भेगमा विकटता, जटिलता र केही अप्ठेरोपनको स्थिति रहनु ।
- गाउँपालिका क्षेत्रमा उत्पादित दक्ष, बौद्धिक जनशक्ति आर्थिक सुदृढिकरण र थप अवसरको लागि वाहिरिनु ।

- विकासात्मक कार्य, उद्यम, व्यापारमा स्थानीय निजी क्षेत्रको लगानी वा पुँजी परिचालनमा अति न्यूनता रहनु ।
- पर्यावरणीय विकास, जलवायु परिवर्तन, आधुनिक ज्ञान र प्रविधिको बारेमा धेरै हदसम्म अनभिज्ञता रहनु ।
- विकासका उपलब्धिहरुको जगेर्नामा न्यूनता रहनु ।
- छरिएर रहेका योजनाविहिन परम्परागत बस्तीहरु रहनु ।
- कृषि व्यवसाय, पशुपालन व्यवसायमा देखा पर्ने रोग, ब्याक्टेरिया, महामारी किराको प्रकोपबारे जानकारीको अभाव रहनु ।
- वातावरण संरक्षणको र दुरदृष्टिलाई ख्याल नगरी सडक र ताल निर्माण जस्तो योजना सञ्चालन गर्नु ।
- वैदेशिक रोजगारबाट भित्रिएको रेमिटेन्स रकम, स्थानीय नोकरी, पेन्सन, कृषि तथा पशुपालनबाट प्राप्त भएको नगद रकम गाउँ विकास क्षेत्रमा उद्यम ब्यापार, कलकारखाना स्वरोजागर इत्यादिमा लगानी नर्गनु र त्यो रकम गाउँपालिका क्षेत्र वाहिर लगी घरघडेरीमा लगानी गर्नु अर्थात मौद्रिक तरलताका साथ स्थानीय क्षेत्रमा लगानी गरी मुनाफा आर्जन र स्वरोजगार सिर्जना गर्न लगानी नगर्नु ।

## नौगाड गाउँपालिका परिचय

**श्रोत नक्सा :**




नौगाड गा.पा.को ऐतिहासिक चिनारी तथा नामांकरण दार्चुला जिल्लाको उत्तरपूर्व भागमा अबस्थित नौगाड गाँउपालिका साविकका ४ वटा गा.वि.स.हरू (ईयरकोट, खार, सिप्टी र धुलिगडा) मिलेर बनेको छ र दार्चुला सदरमुकामबाट करिब २८ किमि टाँढा रहेको छ । यस गा.पा.को क्षेत्रफल १८०.२७ वर्ग किलोमिटर रहेको छ । यस गा.पा.को पुर्वमा अपि हिमाल गा.पा, उत्तरमा महाकाली नगरपालिका, पश्चिममा शैल्यशिखर नगरपालिका र दक्षिणमा मार्मा गा.पा. पर्दछ ।

कुल ६ वटा वडामा विभाजित यस नौगाड गा.पा.को जनसख्या १८० ९७ रहेको छ । यस नौगाड गाउँपालिकामा विभिन्न जातजातिहरू रहेका छन् । जसमा धामी, ठगुन्ना, टमटा, ओड, दमाइ, लुहार, कामी, भुल, जोशी, भट्ट, बम, महता, सितोली, डडाल, मन्याल, जुहारी, कार्की, सितोली, महर, ठेकरे, आदी जातजातीहरू यस नौगाड गाँउपालिकामा बसोबास गर्दै अएका छन् ।

## भौगोलिक बनावट

तालिका नं.१.८.नौगाड गाउँपालिका :केन्द्रः सा.वि.क.धुलीगडा गा.वि.स.को कार्यालय, क्षेत्रफलः १८०.२७ वर्ग कि.मी

| साविक निकाय | हालको वडा | घर परिवार | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| इयरकोट गा.वि.स. १ देखि ८ | १ | ३९८ | | |
| इयरकोट गा.वि.स. ९ र खार गा.वि.स १,२,३,७,८,९ | २ | ३९४ | | |
| खार गा.वि.स ४, ५,६ र सिप्टी गा.वि.स.१ | ३ | ३८२ | | |
| सिप्टी गा.वि.स. २,३,४,५,६,७ | ४ | ५७३ | | |
| सिप्टी गा.वि.स.८,९ र धुलीगडा गा.वि.स. ८,९ | ५ | २५७ | | |
| धुलीगडा गा.वि.स. १ देखि ७ | ६ | ६१२ | | |
| नौगाड गाउँपालिका | | २६१६ | | |

धरातलीय अवस्था यहाँको भौगोलिक बनावट भिरालो जमिन र पहाडी भुभागमा विभाजित रहेको छ । भौगोलिक विषमताको कारणले गर्दा यो क्षेत्र वनस्पति तथा वन्य जन्तुहरूको विविधताले सम्पन्न रहेको छ । अधिकांश भाग भिरालोपन, विविध प्रकारको वन क्षेत्र, घाँसे मैदान र पानीको स्रोतहरूले भरिपूर्ण रहेको छ । विभिन्न जातजातिको पराम्परागत भेषभुषा, रितीरिवाज र लोक सस्कृति पर्यटन प्रबर्धनका लागि उपयोगी छन् । सडक सञ्जाल, बिधुत, सूचना र संचारको अलावा पर्यटन पूर्बाधारको बिकास भएमा धार्मिक, कृषि, बनमा आधारित ग्रामिण पर्यटन बिकास मार्फत समग्र नौगाड गाँउपालिकाको बिकासमा टेवा पुग्ने देखिन्छ ।

## प्राकृतिक सम्पदा

जैविक बिबिधताका दृष्टिकोणले यस क्षेत्रमा स्तनधारी बन्यजन्तुहरूको साथसाथै विभिन्न प्रजातिको घस्रिने जीवजन्तुहरू, चराचुरिङ्गीहरू प्रशस्त संख्यामा पाइनुका साथै महत्वपूर्ण वनस्पतिहरू (सल्ला, गुराँस आदि) लगायत मुल्यवान जडीबुटीहरू पाईन्छ । यस गाउँपालिकाको बनक्षेत्रमा गैरकाष्ठ वन पैदावार खास गरी जडिबुटी र सुगन्धित विरुवाहरू प्रर्याप्त मात्रामा पाइन्छन् । यहाँका जंगलमा दुर्लभ, बहुमूल्य तथा महत्वपूर्ण जडीबुटीहरू टिमुर, चिराइतो पाशाणभेद, दालचिनी, काउलो बोक्रा, सतुवा, जटामसि, तितेपाती, रिठा, कट्की आदि पाइन्छन् ।

यस प्रकारको बहमूल्य जडीबुटीहरूलाई सामुदायिक वन, कबुलियती वन र सार्वजनिक तथा निजी वन क्षेत्रहरूमा व्यावसायिक रुपमा खेती गरी गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमहरू स्थानीयस्तरमा संञ्चालन गर्न सकेमा स्थानीय जनताको जीविकोपार्जनमा पनि टेवा पुग्न सक्ने देखिन्छ । नौगाड गाउँपालिकामा भौगोलिक विविधता पाइन्छ । अधिकांश भाग भिरालोपन, विविध प्रकारको वन क्षेत्र, घासे मैदान र पानीको स्रोतहरूले भरिपूर्ण रहेको छ । यही विषमताले गर्दा यस क्षेत्रमा स्तानधारी बन्यजन्तुहरूका साथसाथै विभिन्न प्रजातिका घस्रिने जीवजन्तुहरू पनि पाइन्छन् ।

यस क्षेत्रमा पाइने मूख्य जीवजन्तुमा मृग, रतुवा, थार, चितुवा, स्याल, बदेंल, भालु, बादर, जरायो, रायपाटे बाघ, दुम्सी आदि तथा चरचुरिंगीहरूमा कालिज, ढुँकुर, न्याउली, कोइली, काँग, सारस, सुगा, च्याकुरा, फ्याउरो आदि प्रशस्त मात्रा पाइन्छन् ।

**जलस्रोत**

यस नौगाड गाउँपालिकाको बनावट भिरालो जमिन, समथर जमिन, उच्चा डाँडाहरू तथा विभिन्न पानीका मुहानहरू पनि रहेका छन् । जस्तै नौगाड नदी, सुकेखोला, धुलिगाड खोला, रैचुगाड खोला, होपरी खोला , खार खोला आदि पानीका श्रोतहरू रहेका छन् । जलविद्युत उत्पादन, सिंचाई, लघुजलबिद्युत, खानेपानीमा यी स्रोतहरूको उपयोग बढाउन सकेमा यस क्षेत्रको बिकासमा टेवा पुग्ने देखिन्छ ।

**खेतीयोग्य**

जमिन यस गा.पा.को करिब २३५१६ रोपनी क्षेत्रफल कृषि क्षेत्रले ओगटेको छ । पहाडी भूबनोटले गर्दा अधिकांस जमिन भिरालो छ । यहाँको मुख्य बाली मकै, गहुँ, हुन् भने समथर जमिन तथा बेशीमा केहि धान खेती पनि हुन्छ । पर्याप्त सिंचाईको ब्यबस्था नहुनु, किसानका लागि समयमा उन्नत मल बिऊको व्यवस्था हुन नसक्नु, र परम्परगत खेती प्रणालीमा आधुनिकिकरण हुन नसक्दा उत्पादन न्युन रहेको छ ।

**खानी**

यस क्षेत्रमा फलाम, सिसा, खरी र चुनढुंगा जस्ता खानीजन्य पदार्थको सम्भावना रहेको छ । तर खानीजन्य पदार्थको बिस्तृत सर्वेक्षण र उत्खननका प्रयास नभएकाले उपलब्ध परिमाण एकिन हुन सकेको छैन ।

**सांस्कृतिक उत्कृष्टता**

खसआर्य समुदायको बाहुल्यता रहेको यस क्षेत्रको पराम्परागत भेषभुषा, रितीरिवाज र लोकसंस्कृति पर्यटन प्रवर्द्धनका लागि उपयोगी छन् । सडक संजाल, बिधुत, सरंचना र संचारको अलावा पर्यटनपूर्वाधारको विकास भएमा धार्मिक, कृषि, वनमा आधारित ग्रामिण पर्यटन बिकास मार्फत समग्र गाउँपालिकाको बिकासमा टेवा पुग्ने देखिन्छ । यस नौगाड गाउँपालिकामा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्रहरू पनि रहेका छन् । जसमध्ये नौगाड गाउँपालिकाको सबैभन्दा अग्लो स्थानमा रहेको सिद्धको टोपी पनि एक हो ।

यस्तै दार्चुला जिल्लाकै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल छिपुलथान, लगायत थुप्रै धार्मीक तथा पर्यटकीय ठाउँहरू पनि यस नौगाड गाउँपालिका भित्र रहेका छन् । भोगौलिक हिसाबले विकट रहे पनि नौगाड गाउँपालिका प्राकृतिक रुपमा एकदमै सुन्दर र रमणीय ठाउँ रहेको छ । यहाँको प्राकृतिक सुन्दरता पर्यटकहरूलाई स्वागत गर्न प्रतिक्षारत छ तर आबस्यक पुर्वाधर र प्रचारप्रसारको कमीले हालसम्म पर्यटक उलेखनीय रुपमा आएको पाइदैन । यहाँको मौलिक संस्कृति र विभिन्न नाचगानहरू जस्तै देउडा र जीवनपद्दति पनि पर्यटनको लागि आकर्षक हुन सक्छन् ।

**नौगाड गाउँपालिकाले जारी गरेका ऐन, कानुन, निर्देशिका तथा कार्यविधि**

| क्र.सं . | ऐननिर्देशिका तथा कार्यविधिको विवरण ,कानुन , |
|---|---|
| १ | नौगाड गाउँपालिका को "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९" |
| २ | "नौगाड गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८०" |
| ३ | उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ |
| ४ | नौगाड गाउँपालिका आपतकालीन कार्यसञ्चालन विधि, २०७९ |
| ५ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०७९ |
| ६ | नौगाड गाउँपालिका आर्थिक ऐन, २०८० |
| ७ | नौगाड गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७९ |
| ८ | सीप विकास तालिम केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ |
| ९ | नौगाड गाउँपालिकाको "आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्न बनेको ऐन, २०७९ |
| १० | नौगाड गाउँपालिकाको विनियोजन ऐन, २०८० |
| ११ | नौगाड गाउँपालिका शिक्षा ऐन, २०७९ |
| १२ | नौगाड गाउँपालिका प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७९ |
| १३ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०८० |
| १४ | स्थानीय राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०८० |
| १५ | नौगाड गाउँपालिकाको लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० |
| १६ | नौगाड गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८० |
| १७ | नौगाड गाउँपालिका विषयगत समिति -कार्यसञ्चालन_ कार्यविधि, २०८० |
| १८ | नौगाड गाउँपालिका साना तथा लघु जलविद्युत परियोजना नियमन, सञ्चालन तथा व्यवस्थापन ऐन २०७९ |
| १९ | नौगाड गाउँपालिकाको श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ |
| २० | नौगाड गाउँपालिका "सुशासन तथा विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० |
| २१ | नौगाड गाउँपालिकाको सहकारी ऐन, २०७९ |
| २२ | सार्वजनिक खरिद नियमावली, २०७९ |
| २३ | नौगाड गाउँपालिका हेवि यान्त्रिय उपकरण सञ्चालन कार्यविधि, २०७९ |
| २४ | नौगाड गाउँपालिका बजार व्यवस्थापन तथा अनुगमन कार्यविधि, २०७९ |

**विकासका सम्भावनाहरू:**

दार्चुला जिल्लामा धार्मिक, प्राकृतिक, सांस्कृतिक, एवम् साहसिक पर्यटनका लागि निकै महत्वपूर्ण सम्भावनाहरू भएका क्षेत्रहरू रहेका छन् । प्रमुख धार्मिक क्षेत्रहरूमा धर्मी गुफा (खण्डेश्वरी), शिखर डाडा, मालिकार्जंन, मालिकार्जंन, हुनैनाथ मन्दिर हुनैनाथ, जयपुर मन्दिर रिठाचौपाता, बन्तोली मन्दिर बोहरीगाँउ, महलको भग्नावशेष देवल, गोकुलेश्वर शिव मन्दिर गोकुलेश्वर लटिनाथ मन्दिर, छिपुलथान क्षेत्र, सिप्टी बिनायक, दुर्गा मन्दिर, सिद्ध टोपी, नागु भवानी, रहेका छन् भने साहसिक पर्यटकका लागि अपी हिमाल ७१३२ मि. (घुषा), व्याँस हिमाल ६७७० मि. (व्यास), नाम्पा ६७५४ मि. (व्याँस), लिपुलेक ५००० मीटर लगायतका क्षेत्रहरू छन् ।

अन्य पर्यटकीय क्षेत्रहरूमा बोहरीगाउँ महलको भग्नावशेष (उकु), सुर्मासरोवर ताल (खण्डेश्वरी), आदि रहेका छन् । सूदुरपश्चिमका प्रमुख पर्यटकीय क्षेत्रहरूको (शैलेश्वरी, मेलौली, त्रिपुरासुन्दरी, निगलाशैनी, खप्तण्ड क्षेत्र, अपी हिमाल) भ्रमण गर्ने पर्यटकलाई पनि आकर्षण गराउन सकिन्छ । हिमाली जिल्ला भएकोले भिरालो जमिनमा जडिबुटी तथा बनस्पति खेतीको प्रचुर सम्भावना रहेको छ । व्यवस्थित रुपमा जडीवुटीको व्यवस्थापन तथा प्रशोधन गर्न सके यस गाउँपालिका सहित समग्र जिल्लाको आयआर्जन गर्ने एक प्रमुख श्रोत बन्न सक्छ । स-साना जलविद्युतका आयोजनाहरूको पनि प्रचुर सम्भावना देखिन्छ । जसले गर्दा विद्युतमा आधारित कुटिर उद्योगहरू सञ्चालन गर्न सकिने देखिन्छ ।

## सार्वजनिक प्रतिवद्धता २०८०

दार्चुला जिल्ला सामाजिक आर्थिक तथा पूर्वाधार लगायतको विकासका दृष्टिले पछि परेको अवस्थालाई मनन् गर्दै संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थाको संविधानतह सफल कार्यान्वयन गर्दै दार्चुला जिल्लाको सर्वाङ्गिण विकासका लागि मिति २०८० साल बैशाखा २४ गतेका दिन दार्चुलाबाट निर्वाचित प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, जिल्लाका सबै स्थानीय तहका जनप्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी लगायत सम्पूर्ण कार्यालय प्रमुख तथा सरोकारवालाहरु सम्मिलित दार्चुलाको विकासका सवालहरु विषयक अन्तक्रिया कार्यक्रममा सहभागी हामी जनप्रतिनिधि /कर्मचारी/ सरोकारवाला सबै देहायको बुँदामा सार्वजनिक प्रतिवद्धता गर्न सहमत भएका छौं ।

तपशिल

१. दार्चुला जिल्लाको विकासको समीक्षा चुनौती र सम्भावनाको खोजिका निमित्त साझा छलफल बहस तथा अन्तरक्रियालाई निरन्तरता दिने ।

२. जिल्लाका सबै स्थानीय तह हरुले योजना तथा बजेट तर्जुमा गर्दा समावेशी, सन्तुलित र जनताको आवश्यकताका आधारमा गर्ने छौं ।

३.जिल्लाको विकासमा राजनीतिक पूर्वाग्रह तथा भेदभाव राख्ने छैनौं।

४.प्रत्येक आर्थिक वर्षमा बजेट तर्जुमा हुँदा जनस्तरवाट स्थानीय तह हुदै माग भई आएका योजनाहरुलाई प्राथमिकताका साथ प्रदेश/संघको बजेटमा समावेश गर्ने प्रयासका लागि प्रतिबद्ध छौ।

५.जिल्लाको पूर्वाधार विकासका साथ साथै सामाजिक आर्थिक क्षेत्रको विकासका निमित्त समेत सबैले आ-आफ्नो तहबाट प्रयत्न जारी राख्ने छौ ।

६. दार्चुला जिल्लाको सर्वाङ्गिण क्षेत्रको विकासका निमित्त स्थानीय तह, प्रदेश तथा संघ सरकारका साथ साथै निती तथा सहकारी क्षेत्रमा सहकार्य गर्नेछौं।

७. दार्चुलाको सर्वपक्षीय विकासमा सबैको पहल कदमी गरी तपशिलका रणनैतिक महत्वका योजनाहरु यथाशाक्य छिटो सम्पन्न गर्न प्रतिवद्ध छौं ।

तपशिलः

१. तिंकर सडक योजना

२. तिंकर नाकामा अध्यागमन कार्यालय स्थापना

३. महाकाली तटबन्ध, नौगाड,चमेलिया,कालागाड, भर्तोला, लाश्कुखोला लगायतका नदीहरु

४. भर्तोला लाली शेरा सडक र शेरामा मोटर पुल

५. धाप बरमुडे बगौरा सडक

६. गोकुलेश्वर विमानस्थल

७. गोकुलेश्वर र जिल्ला अस्पताल दार्चुलाको स्तोरोन्नती

८. पालिकाहरुमा १० शैयाको अस्पताल निर्माण गर्ने

९. देथला धुलिगडा दल्लेख खलंगा सडक

१०. बिटुले पारिवगर खण्डेश्वरी सडक

११. उद्यमशिलता तथा रोजगारी प्रवर्द्धन कार्यक्रम

१२. समग्र पर्यटकीय क्षेत्रहरु अपि, शैल्यशिखर मालिकार्जुन सातौधाम, हुनैनाथ मन्दिर क्षेत्र उकु महल, व्याँस गोतु तातोपानी रानिकोट्टा,सिद्वटोपी,बह्मदह,परमचुली धाम, रतौडा तिर्थस्थल लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्ने ।

१३. स्थानीय स्तरका जडिबुडी संकलन केन्द्र तथा प्रशोधन केन्द्र निर्माण

१४. बिनायकधार डाइभर सिटी निर्माण मार्मा गा.पा. वडा नं. ६ र नौगाड गा.पा.वडा नं. ४

१५. लटीनाथ बजानी हुदै बैतडी जिल्ला जोड्ने सडक

१६. पारिबगर घोल्जर परमचुली हुदै बझाङ जिल्ला जोड्ने सडक

१७. होपरि सितोला घुषा अपि बेस क्याम्प सडक

१८. ऐरीछाना रिठाचौपाता धन्थला हुदै बैतडी जोड्ने सडक

१९. महिला शसक्तिकरण तथा रोजगारी सृजना कार्यक्रम

२०. व्याँसऋषिको मुर्ती स्थापना

२१. गोकुलेश्वर लाली सडक

२२. खेलमैदान तथा कवर्डहल निर्माण

२३. ऐरीछाना- ~~धनथला~~ रिठाचौपाता, समैंजी- धनथला सडक, धनथला पुल

**सन्दर्भ सामाग्रीः**

- दार्चुला जिल्लाका ९ वटै स्थानीय तहका पार्श्वचित्र
- स्थानीय तहका वेभसाईटहरु
- जिल्ला तथ्याङ्क कार्यालय
- जिल्ला समन्वय समिति

## संगठनात्मक विवरण:

